# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




महाधिवेशनको मञ्चबाट जेन-जी विद्रोहबारे ओलीको माग

# ‘दोषी पहिचान होस्, अपराधीले सजाय पाउन्’

■ जेबी योञ्जन

**काठमाडौं–** गौरीबहादुर कार्की नेतृत्वको उच्चस्तरीय जाँचबुझ आयोगले जेन-जी विद्रोहको क्रममा भएको घटनाबारे बयानका लागि पक्राउ गर्ने चर्चामाझ पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले घटनामा आफू दोषी नरहेको दाबी गरेका छन् । आयोगमा बयान दिन जान इन्कार गरेका ओलीले ‘हिंसा भड्काउने तत्व’ घटनामा जिम्मेवार रहेको जिकिर गरे । तर, त्यसबारे प्रष्ट भनेनन् ।

‘हिंसा र तोडफोड त के फूलको हाँगा पनि भाँच्दैनौं र निषेधित क्षेत्र तोड्दैनौं भन्ने प्रतिबद्धता व्यक्त गरेका युवा विद्यार्थीहरूलाई अगाडि लगाएर निषेधित क्षेत्र तोड्ने, संसद् भवनमा आगजनी र तोडफोड गर्न दुरुत्साहन गर्ने र त्यसैका आडमा आफ्नो निहित स्वार्थ पूरा गर्न हिंसा भड्काउने तत्वका कारण युवा–विद्यार्थीहरूको ज्यान जाने दुःखद् एवम् अकल्पनीय परिस्थिति सिर्जना भयो,’ ओलीले शनिबार पार्टीको एघारौं महाधिवेशनमा भने ।

किटान नगरे पनि ओलीले बाह्य शक्तिको आडमा देशभित्र हिंसा भड्काउने तत्व भनेर काठमाडौंका प्रमुख बालेन्द्र साह बालेन, हामी नेपालका सुधन गुरुङ र वर्तमान सरकारमा प्रधानमन्त्रीदेखि मन्त्रीसम्मलाई आरोपित गर्दै आएका छन् । दुई सुरक्षा संगठन नेपाली सेना र सशस्त्र प्रहरी बललाई पनि उनी सहयोगी बनेको टिप्पणी गर्छन् । यसबाहेक राजसंस्थापक्षधर शक्तिहरू, रास्वपासँगै तत्कालीन विपक्षी दलहरू घटनामा संलग्न भन्दै आफू पन्छिने गरेका छन् ।

जबकि विद्रोहको पहिलो दिन भदौ २३ गते १९ जना मारिँदा र दोस्रो दिन २४ गते विध्वंश मच्चिँदा अपराह्नसम्म ओली नै प्रधानमन्त्री थिए । अघिल्लो दिनको घटनापछि गृहमन्त्रीबाट रमेश लेखकले राजीनामा दिए । त्यस्तोमा दोस्रो दिन त गृहमन्त्रीको हैसियतमा पनि ओली नै थिए । त्यस दिन पनि ठाउँठाउँमा प्रहरीको गोली लागेर विद्रोहीहरूले ज्यान गुमाए ।


क्रमशः पृष्ठ २ मा




> “त्यो महाविनाश न हामीले बिर्सेका छौं, न बिर्सनेछौं । दोहोर्‍याएरै भन्छु, नबिर्सौं । अहिलेलाई यत्ति मात्र, त्यस दिनको महाविनाशको छानबिन होस् । दोषी पहिचान होस्, अपराधीले सजाय पाउन् ।
>
> ■ **केपी शर्मा ओली**
> अध्यक्ष, नेकपा एमाले

## ‘एमाले चुनावबाट भाग्दैन’

सरकारले प्रतिनिधिसभा निर्वाचनको वातावरण नबनाएको ओलीले आरोप लगाएका छन् । निर्वाचन गरेर सत्ता हस्तान्तरण गर्नुपर्ने सरकारले उल्टै आतंक सिर्जना गरेको बताए ।

‘संवादको सट्टा निषेध, बहसको सट्टा मुद्दा, प्रतिस्पर्धाको सट्टा धम्की, नेताको राहदानी रद्द र स्थान-हद,’ उनले भने, ‘यसरी चुनावको वातावरण बन्छ कि डरको ? मतदानको स्वतन्त्रता सुरक्षित हुन्छ कि दबाब र आतंक बढ्छ ?’

उनले एमाले चुनावविरोधी नभएको बताए । शान्तिपूर्ण, भयरहित र निष्पक्ष निर्वाचन हुँदा एमालेले बहुमत ल्याउने दाबी गरे ।


क्रमशः पृष्ठ २ मा


# एमालेलाई दलहरूले राखे सहकार्यको प्रस्ताव






■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेको एघारौं महाधिवेशनमा पुगेर पुराना दलका नेताहरूले एमालेसँग सहकार्यको प्रस्ताव राखेका छन् । उनीहरूको सहकार्य प्रस्ताव भने अलगअलग थियो ।

नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले लोकतन्त्र खतरामा परेको भन्दै त्यसविरुद्धको लडाइँमा सहकार्यको प्रस्ताव गरेका छन् । २३ र २४ भदौको जेन-जी विद्रोहपछि देश राजनीतिक अस्थिरता र अनिश्चिततामा रहेको भन्दै उनले भने, ‘त्यसकारण पनि लोकतान्त्रिक दलहरूबीच सहकार्य आवश्यक छ ।’

हालै सम्पन्न कांग्रेस केन्द्रीय कार्य समिति बैठकले प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक कदम भएको निष्कर्ष निकालेको छ । यहीबीच कार्यवाहक खड्काले लोकतन्त्रमाथिको संकटमोचन गर्न एमालेसँग सहकार्य प्रस्ताव गरेका हुन् । नेपाली कम्युनिस्ट पार्टीका नेता देव गुरुङले कम्युनिस्ट पार्टीहरूबीच सहकार्य आवश्यक भएको बताएका छन् । त्यसरी सहकार्य गर्दै अघि जाँदा एकताको विन्दुसम्म पुग्नुपर्ने उनको भनाइ थियो । विगतमा एमालेसँग भएको एकताको प्रसंग कोट्याउँदै उनले अब बलियो एकताका लागि एमालेले पहलकदमी लिनुपर्ने औंल्याए ।


क्रमशः पृष्ठ २ मा


## देखिएनन् शीर्ष नेता

एमालेको महाधिवेशनमा निम्त्याइए पनि कांग्रेस सभापति शेरबहादुर देउवा गएनन् । जेन-जी विद्रोह अघिसम्म ओली-देउवा सत्ता सहयात्री हुन् । हालै दुई नेताबीच भेटवार्ता पनि भयो । भेटवार्तापछि एमाले जसरी प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै कांग्रेस सर्वोच्च अदालत पुग्यो । यसले ओली-देउवाबीच सहकार्य जारी रहेको देखाउँ छ ।

तर, देउवा एमाले महाधिवेशनलाई सम्बोधन गर्न भक्तपुरको सल्लाघारी पुगेनन् । कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई पठाए । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल पनि महाधिवेशनमा निम्त्याइएका थिए । तर, उनी गएनन् । नेकपा एकता सन्देश दिन भन्दै सुर्खेत पुगे । सोहीकारण उनी ओली नेतृत्वको एमालेलाई महाधिवेशनको शुभकामना दिन गएनन् । महाधिवशेनमा राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक सभापति डोलप्रसाद अर्याल पनि गएनन् । उनले उपसभापति डा. स्वर्णिम वाग्लेलाई पनि पठाउन चाहेनन् । महामन्त्री कविन्द्र बुर्लाकोटीलाई पठाए ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

# सीप सिकेर जापान जाने बढी, साइप्रसमा सिपबिनै

- साइप्रस गएकामध्ये ६४.३ प्रतिशत कामदार सीप बिनै गएको प्रतिवेदनमा उल्लेख
- १३ हजार ८६४ जना जापान गएकोमा ८३.१ प्रतिशत दक्ष श्रमिक
- दक्षिण कोरिया र माल्टा गएकामध्य ८२.६ प्रतिशतले सीप सिकेको पाइएको छ

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा सबैभन्दा बढी अदक्ष श्रमिक साइप्रस गएको पाइएको छ । हालसालै श्रम मन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदनकाअनुसार सन् २०२३/२४मा छ हजार ९५० जना साइप्रस गएकोमा ६४.३ प्रतिशत कामदार सीप बिनै गएको पाइएको हो । उक्त संख्या व्यक्तिगत, संस्थागत र श्रम स्वीकृति नवीकरण गरेर गएकाहरूको हो ।



सोही वर्ष साइप्रसपछि बढी अदक्ष श्रमिक जोर्डन गएका छन् । जहाँ कुल दुई हजार २०३ जना श्रमिक गएकोमा ५९.६ प्रतिशत अदक्ष श्रमिक रहेका छन् । यी मुलुकमा महिलाहरू घरेलु कामदारको रूपमा बढी जाने गरेका छन् । साइप्रस र जोर्डनपछि बढी अदक्ष श्रमिक खाडी मुलुक र मलेसिया गएका छन् । सोही अवधिमा पाँच लाख २५ हजार ६९२ जना खाडीमा गएकोमा अदक्ष श्रमिक २१.१ प्रतिशत छन् । त्यस्तै, एक लाख तीनहजार ४४२ जना मलेसिया गएकाहरूमध्य १८.६ प्रतिशत सीप नसिकेकाहरू छन् ।

अध्ययनकाअनुसार सबैभन्दा बढी दक्ष श्रमिकहरू भने जापान गएका छन् । उक्त वर्ष १३ हजार ८६४ जना जापान गएकोमा ८३.१ प्रतिशत दक्ष श्रमिक रहेका छन् । दोस्रोमा, दक्षिण कोरिया र माल्टा गएकामध्य ८२.६ प्रतिशतले सीप सिकेको जनाइएको छ । त्यसपछि, बढी सीप सिकेर गएका मुलुकहरूमा क्रोएसियामा ७९.१, रोमानियामा ७७.४ र यूकेमा ७५.२ प्रतिशत गएका छन् । मलेसियामा ७४ र खाडी मुलुकमा ७१.१ प्रतिशत सिपयुक्त श्रमिक गएका छन् ।

रोजगारीमा जाने व्यवसायिक र उच्च दक्ष कामदारको संख्या भने न्यून छ । उक्त वर्ष उच्च दक्ष कामदार यूके गएका थिए । यूकेमा दुई हजार ५४४ जना गएकोमा उच्च दक्ष कामदार ०.९ प्रतिशत थिए । दोस्रोमा माल्दिभ्स र जपान रहेका छन् । जहाँ ०.४ प्रतिशत यस्ता कामदार गएका छन् । खाडीमा ०.१ प्रतिशत उच्च दक्ष श्रमिक गएका छन् भने मलेसियामा कोही पनि गएका छैनन् ।

सबैभन्दा बढी व्यवसायिक कामदार भने माल्दिभ्स गएका छन् । त्यहाँ गएकामध्य १.९ प्रतिशत व्यवसायिक कामदार छन् । त्यसपछि यूके गएका १.७ प्रतिशत व्यवसायिक कामदार छन् ।


क्रमशः पृष्ठ २ मा


# लुम्बिनी लायन्सले चुम्यो एनपीएलको उपाधि

सुदूरपश्चिम लगातार उपविजेता, रोहितले पाए कार र मोटरसाइकल




■ प्रभाव संवाददाता

**काठमाडौं–** लुम्बिनी लायन्स क्लबले यसपटकको नेपाल प्रिमियर लिग (एनपिएल) च्याम्पियन बनेको छ । पहिलो सिजनमा ८ टिममध्ये अन्तिम स्थानमा रहेको लुम्बिनीले दोस्रो सिजनमा पनि सुरुका ३ खेलमा लगातार पराजय भोग्दै खराब सुरुवात गरेको थियो । तर, त्यसपछिका खेलमा लगातार जित हात पार्दै सुदूरपश्चिम रोयल्सलाई लज्जास्पद ढंगले पराजित गर्दै च्याम्पियन बनेको हो ।

लगातार दोस्रोपटक फाइनलमा पुगेको सुदूरपश्चिमले बिर्सनलायक प्रदर्शन गर्दै प्रस्तुत गरेको ८६ रनको लक्ष्य लुम्बिनीले सहजै पूरा गर्दै च्याम्पियन बनेको हो ।

सुदूरपश्चिमले जितका लागि दिएको ८६ रनको लक्ष्य पछ्याएको लुम्बिनीले नौ ओभरमा चार विकेट गुमाउदै लक्ष्य पूरा गर्‍यो । लुम्बिनीका लागि दिनेश अधिकारीले सर्वाधिक ४२ रनको योगदान दिए । उनले १३ बलमा एक चौका र पाँच छक्का प्रहार गर्दै ४२ रनको योगदान गरेका हुन् ।


क्रमशः पृष्ठ २ मा





**पृष्ठ १ बाट क्रमशः**

## दोषी पहिचान...

यसरी विद्रोह अवधिभर उनीसँगै सत्ता शक्ति थियो । कतिसम्म भने स्थितिलाई नियन्त्रणमा लिन बल प्रयोग नगरेको भन्दै उनले बालुवाटारमा सुरक्षा संगठनका प्रमुखहरूप्रति असन्तुष्टि जनाएका थिए । तीन महिनापछि भने ओलीले आफू निर्दोष रहेको अर्थमा दोष जति हिंसा भड्काउने तत्व भनेर अरुमाथि थोपरेका हुन् ।

जाँचबुझ आयोगमा बयान दिएका सरकारी अधिकारीहरूले ओलीलाई लक्षित गर्दै स्थिति नियन्त्रणमा लिन माथिल्लो तहबाट आएको निर्देशनको आधारमा बल प्रयोग गरेको बताइसकेका छन् । तर, बयान लिन पक्राउ नै गर्ने जाँचबुझ आयोगले तयारी गरिरहेको विवरण आइरहँदा घटनाको जिम्मेवारीबाट ओलीले आफैंलाई सफाइ दिएका हुन् ।

भ्रष्टाचार, कुशासन, आफन्तवाद र सामाजिक सञ्जालमा लगाएको प्रतिबन्धविरुद्ध जेन-जी पुस्ता सडकमा आउँदा उनीहरू दुरूपयोग भएको ओलीको भनाइ छ। विद्रोहको दुई दिनलाई कहालीलाग्दा दिन भन्दै ओलीले विद्रोह महाविनाश भएको र त्यो कहिल्यै नबिर्सने बताए । 'त्यो महाविनाश न हामीले बिर्सेका छौं, न बिर्सनेछौं। दोहोर्‍याएरै भन्छु, नबिर्सौं,' उनले भने, 'अहिलेलाई यत्तिमात्र त्यस दिनको महाविनाशको छानबिन होस्। दोषी पहिचान होस्, अपराधीले सजाय पाउन्।'

त्यसबेला कामचलाउ प्रधानमन्त्रीको हैसियतमा आफूले संसद्बाहिरका व्यक्ति प्रधानमन्त्री हुनुपर्ने भए दलीय सहमतिको विकल्प अघि सारेको पनि उनले बताए । त्यसका लागि संविधान संशोधनसम्मको विकल्प सुझाएको उनको भनाइ थियो । 'देश अन्योलमा थियो। त्यो अन्योल चिर्न संवैधानिक बाटोबाट निकास दिन हामीले विकल्पहरू स्पष्ट राख्यौं,' उनले भने, 'यदि संसद्भन्दा बाहिरको व्यक्तिलाई प्रधानमन्त्री बनाउनुपर्ने भए, दलहरूबीच सहमति हुनुपर्छ, संसद्मार्फत संविधान संशोधन गर्नुपर्छ ।' तर, प्रतिनिधिसभा विघटन हुन नहुने अडान आफ्नो रहेको बताए ।

### ईश्वरलक्षित ओलीको आग्रह– हात मिलाऔं, मन मिलाऔं

एघारौं महाधिवेशनबाट सर्वसम्मतिको अध्यक्ष हुन चाहेका ओलीलाई प्यानलसहित कडा टक्कर दिने तयारीमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल छन् । विगत लामो समय साथ दिएका पोखरेल यसपटक पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले भरोसा दिंदा अध्यक्षमा ओलीविरुद्ध चुनौती पेस गर्दैछन् । यस्तोमा ओलीले महाधिवेशनको खुला सत्रमा ईश्वरलाई अध्यक्षको दाबेदारीबाट पछि हट्न कन्भिन्स गर्ने प्रयास गरेका छन् । एमालेको आन्तरिक एकतालाई थप मजबुत राख्न पनि आपसी प्रतिस्पर्धा औचित्यपूर्ण नहुने ओलीको तर्क छ ।

'हामी एघारौं महाधिवेशनमा छौं । यसको अंक 'एघार'लाई एकछिन् ध्यान दिएर हेरौं- एघारमा दुई वटा 'एक' हुन्छन्, तर छुट्टाछुट्टै, टाढाटाढा उभिएका 'एक' होइनन्,' उनले ईश्वरलाई लक्षित गर्दै भने, 'एउटै लाइनमा एउटै दिशातिर फर्किएका, एउटै लक्ष्य बोकेर उभिएका 'एक' हुन् । त्यसैले, हामी प्रत्येक एक एमालेले अर्को एक एमालेसँग हात मिलाउँदा, छुट्टाछुट्टै एक रहँदैनौं, एउटै एघार बन्छौं, बलियो शक्ति बन्छौं ।' तर, प्रतिस्पर्धा गरे त्यसले पार्टीमा घातप्रतिघात मात्रै होइन कमजोर बन्ने पनि बताए ।

■ ■ ■

## एमाले चुनावबाट...

तर, सरकार प्रतिरोधबाट मुक्त हुनुपर्ने बताए । 'डर, दबाब र प्रतिशोधको छायाँबाट मुक्त चुनाव हुँदा बहुमत ल्याउने ल्याकत भएको एमाले चुनावबाट कहाँ भाग्छ ?' उनले भने। उनले सरकार र जेन-जी बीच भएको समझदारीले निर्वाचन बिथोल्ने टिप्पणी गरे ।

■ ■ ■

## एमालेलाई दलले...

कम्युनस्टि पार्टीहरू एकताबद्ध भए मात्रै समाजवादी व्यवस्थामा पुग्न सकिने उनको धारणा थियो । 'हामीले नेकपा निर्माण पनि गर्‍यौ । त्यसलाई निरन्तरता कायम राख्न सकेनौं । त्यसबाट पाठ सिकेर फेरि पनि एकतावद्ध हुनुको विकल्प छैन, त्यसका लागि एमालेले पहल लिनुपर्‍यो,' उनले भने ।

३ जेठ २०७५ मा एमाले र तत्कालीन माओवादीबीच एकता भएको थियो । तर, नेकपामा दुई लाइन शक्ति संघर्ष चर्किरहेको बेला पार्टी नामसम्बन्धी विवादमा सवोच्च अदालतले २३ फागुन २०७७ मा सुनाएको फैसलाले पार्टी पूर्ववत् अवस्थामा फर्कियो । अर्थात् नेकपा एकता टुट्यो । त्यसको पाँच वर्षपछि गुरुङले एमालेसँग वामपन्थी सहकार्यको प्रस्ताव गरेका हुन् । उनले देश सुगौली सन्धिपछिकै संकटपूर्ण अवस्थामा रहेको बताए । संघीय लोकतान्त्रिक गणतन्त्र गम्भीर संकटमा रहेको र संविधान कोमामा पुगेको भन्दै राजनीतिक सहकार्य अनिवार्य भएकोमा जोड दिए। उनले भने, 'मुलुकको विद्यमान अवस्थाको सम्बोधनका लागि राष्ट्रवादी शक्तिहरू बीचमा सहकार्य आवश्यक छ । राजनीतिको अगुवाइ गर्न पनि मिलेर अगाडि बढनुपर्ने छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीले देश बनाउने मामिलामा सहकार्य गर्नुपर्ने बताए। युवाहरूको चाहना राजनीतिमा पुस्तान्तरण समेत रहेको उल्लेख गदैए उनले भने, 'दलहरूको आन्तरिक लोकतन्त्र सबल रहेको अवस्थामा मुलुक बनाउने सन्दर्भमा त्यस्ता दलहरू सहकार्यका साथ अगाडि बढ्न सहज हुन्छ ।' उनले एमालेले जेन-जी विद्रोहपछिको राजनीतिक परिवर्तनलाई भने स्वीकार्नुपनेमा जोड दिए । प्रतिनिधिसभा निर्वाचनबाट एमाले अलग हुन नहुने पनि उनको भनाइ थियो ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का महासचिव नेत्रविक्रम चन्दले एमालेप्रति नरम हुँदै सहकार्यको अनेक क्षेत्र रहेको बताएका छन् । उनले भने, 'तपाईंहरूसँग आन्दोलनमा एकता, आन्दोलनमा सहकार्य, देशको स्वाधिनताको लागि सहकार्य, जनताको अधिकारको लागि सहकार्य, नयाँ नेपालको लागि सहकार्य गर्न तयार छौं, सहकार्य गरौं ।' लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का महासचिव डा. सुरेन्द्र झाले संविधान संशोधनका लागि एमालेसँग सहकार्य गर्न सकिने बताएका छन्। तर, त्यसको अगुवाइ एमालेले नै गर्नुपर्ने उनको भनाइ छ। 'यो संविधान चलायमान बनाउने हो भने संशोधन अनिवार्य । त्यसको लागि एमालेले अगुवाइ गर्नुपर्छ। हामी सहकार्य गर्न तयार छौं,' उनले भने ।

राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्टले जेन-जी विद्रोहबाट जननिर्वाचित सरकार अपदस्त भएको भन्दै आपत्ति जनाए । विद्रोहको क्रममा गणतन्त्रवादी नेताहरू र दलहरूमाथि प्रहार भएको भन्दै अब सहकार्य गर्दै अगाडि बढ्नुपर्ने खाँचो औंल्याए । 'जेन-जी आन्दोलनका नाममा प्रहारको निशाना गणतन्त्रवादी नेताहरू र तिनका कार्यालयहरू हुन पुगे, हामीबाट कहाँनेर शासकीय स्वरुपमा कमजोरी भयो ? कहाँनेर जनजिविकाको सवाल सम्बोधन गर्न सकिएन ? यो ख्याल गरौं र सहकार्य गर्दै अगाडि बढौं ।'

■ ■ ■

## देखिएनन्...

जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउत, लोसपा अध्यक्ष महन्थ ठाकुर, जनमोर्चा अध्यक्ष चित्रबहादुर केसी पनि गएनन् । दलका अध्यक्षको रूपमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ भने महाधिवेशनमा पुगेका थिए । परम्परालाई आधार मान्ने हो भने कुनै दलको राष्ट्रिय महाधिवेशनमा दलीय नेतृत्व नै जाने गरेको देखिन्छ ।

■ ■ ■

## सीप सिकेर...

खाडीमा ०.३ र मलेसियामा ०.५ प्रतिशत यस्ता कामदार गएका छन्। पेशागत हिसाबले हेर्दा सबैभन्दा बढी कामदार 'इलिमेन्ट्री अकुपेसन' मा जाने गरेका छन् । जसअन्तर्गत क्लिनिङ, प्याकेजिङ, लोडिङ, सिपिङ, डेलिभरी, लेबर लगायतका काम पर्छन्। महिलाहरू बढीजसो सरसफाइ र लन्ड्रीमा जाँदा पुरुषहरू भने लेबरको रूपमा गएको पाइएको छ। २०२३/२४मा संस्थागत माध्यमबाट ४८.४ प्रतिशत युवाहरू उक्त काममा गएका छन्। व्यक्तिगत श्रम स्वकिृति लिएर ३८.२ र जिटूजिमार्फत ९८.५ प्रतिशत गएका छन्। त्यस्तै म्यानपावरबाट सर्भिस एन्ड सेल्समा १८.२ र म्यानुफ्याक्चरिङमा ११ प्रतिशत गएका छन् । व्यक्तिगत श्रम स्वीकृति लिएर उक्त क्षेत्रमा क्रमशः २९.३ र २.८ प्रतिशत गएका छन् । व्यक्तिगत श्रम स्वीकृति लिएर प्रशासनिक कामको लागि ६.३ प्रतिशत कामदार जाँदा म्यानपावरबाट भने १.९ प्रतिशतमात्र गएका छन् ।

उक्त वर्ष कृषि तथा पशुपालनमा, मेसिन अपरेटर, उत्पादनर सुरक्षा गार्डमा सबैभन्दा बढी मलेसिया गएका थिए । प्लम्बिङ, स्काफफोल्डिङ, पेन्टर, मेसन, म्यानेजर, हाउस किपिङ एभिएसम एन्ड क्रुज, इलेक्ट्रिसियनलगायतका कामका लागि सबैभन्दा बढी यूएई गएका छन् । लेबर, ड्राइभर, प्याकेजिङ, डेलिभरी लगायतका काममा साउदी अरब जानेहरू बढी छन्। त्यस्तै, शेफ/कुकमा जापान, केयरगिभरमा युके, ब्यूटी एन्ड फिटनेसमा कुवेत र डेजर्ट मेकरमा मरिससमा बढी युवाहरू गएका छन् । पछिल्लो समय वैदेशिक रोजगारीमा सीप सिकेर जानेहरू बढेका छन् । सरकारी तथ्याङ्क अनुसार सन् २०१७/१८मा रोजगारीमा जाने अदक्ष श्रमिकको संख्या ६४ प्रतिशत थियो भने सन् २०२३/२४मा २१.९ प्रतिशतमा झरेको छ ।

■ ■ ■

## लुम्बिनी लायन्स...

यस्तै, डार्शी शर्टले १४ रन बनाए। उनले १३ बलमा तीन चौका प्रहार गर्दै १४ रन बनाए । कप्तान रोहित पौडेलले १६ रन बनाए । उनले १२ बलमा दुई चौका र एक छक्का प्रहार गर्दै १६ रन बनाएका हुन् । निरोशन डिक्वेलले ११ रनमा अविजित रहे । यस्तै, सन्दिप जोरा शून्यमा आउट भए ।

बलिङतर्फ सुदूरपश्चिमका हेमन्त धामीले दुई विकेट लिए भने अविनाश बोहोरा र दिपेन्द्रसिंह ऐरीले समान एक/एक विकेट लिए। यसअघि, टस जितेर पहिला ब्याटिङ रोजेको सुदूरपश्चिम १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमा समेटिएको थियो। सुदूरपश्चिमका लागि इशान पाण्डेले सर्वाधिक ३३ रन जोडे । उनले ५१ बलमा एक चौकाको सहयोगमा ३३ रन जोडेका हुन् । यस्तै, कप्तान दिपेन्द्रसिंह ऐरीले १३ रन बनाए भने हरमीत सिंह र स्कट कुगेलिइनले समान १०/१० रन जोडे । त्यसबाहेक अन्य ब्याट्सम्यानहरूले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

सुदूरपश्चिमलाई सस्तैमा समेट्ने क्रममा लुम्बिनी लायन्सका बलरहरूले उत्कृष्ट प्रदर्शन गरे । लुम्बिनीका लागि शेर मल्ल, रुबेन ट्रम्पेलमान र कप्तान रोहित पौडेलले समान तीन/तीन विकेट हात पारे। यस्तै, टीका भन्डारीले एक विकेट लिए । च्याम्पियन बनेसँगै लुम्बिनीले १ करोड १० लाख रूपैयाँ पुरस्कार हात पार्‍यो । त्यस्तै उपविजेता बनेको सुदूरपश्चिमले यसपटक पनि ५० लाखमा चित्त बुझायो ।

### रोहितलाई कार

लुम्बिनी लायन्स कप्तान रोहितकुमार पौडेल प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित हुँदै कार हात पारे । लुम्बिनीलाई च्याम्पियन बनाउन ब्याटिङ र बलिङ दुवैमा उनले योगदान गरेका थिए । योसँगै उनले ६१ लाख रूपैयाँ पर्ने ओमोडा जाइको जे-५ कार (ईभी) पाए ।

त्यस्तै उनी दोस्रो संस्करणमा सर्वाधिक रन प्रहार गर्ने खेलाडीको दोस्रो स्थानमा रहे । नेपाली ब्याटरमा त फाइनलमा लुम्बिनीसँगै ६ विकेटले पराजित भएको सुदूरपश्चिम रोयल्सका ओपनर विनोद भण्डारीलाई उछिन्दै शीर्ष स्थानमा रहे । उनले १० खेलमा २७६ रन रन प्रहार गरे । यद्यपि, उनले अर्धशतक प्रहार गर्न सकेनन्। भण्डारीले भने अर्धशतकसहित २६० रन बनाएका थिए। रोहितले नेपालबाट सबैभन्दा धेरै रन बनाउने ब्याटर बनेसँगै एक थान पल्सर मोटरसाइकलसमेत पाए। बलिङतर्फ उनले १० विकेट लिए । फाइनलमा ओभर फ्याँकेका उनले १२ रन खर्चिएर ३ विकेट लिएका थिए ।

लुम्बिनी लायन्सकै बलर शेर मल्ल प्रतियोगिताको उदीयमान खेलाडी चुनिए । उनले एउटा थान पल्सर मोटरसाइकल प्राप्त गर । प्रतियोगिताको उत्कृष्ट बलर बनेका विराटनगरका कप्तान सन्दीप लामिछानेले पनि एक थान पल्सर मोटरसाइकल हात पारे । यी दुवैले समान १७ विकेट लिएका थिए । 'इनर्जेटिक प्लेयर अफ दी टुर्नामेन्ट' बनेका सुदूरपश्चिमका बलर अभिनाश बोहोराले दुई लाख रूपैयाँ पाए। उनले पनि सन्दीप र शेरले झैं समान १७ विकेट लिएका थिए।

### प्रधानमन्त्रीद्वारा एनपिएल विजेतालाई बधाई

प्रधानमन्त्री सुशीला कार्कीले नेपाल प्रिमियर लिग(एनपिएल) को विजेता लुम्बिनी लायन्सलाई बधाई दिएकी छिन् । सामाजिक सञ्जाल (फेसबुक)आर्फत उनले विजेता टोलीलाई बधाई दिएकी हुन् । बधाई सन्देशमा प्रधानमन्त्री कार्कीले भनेकी छिन्, 'राष्ट्रिय आत्मविश्वासमा ऊर्जा थप्न सफल यस उत्सवमा सहभागी सबै टिम, आयोजक र समर्थकलाई धन्यवाद ।'

### राष्ट्रपति पौडेलले दिए बधाई

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल प्रिमियर लिग (एनपिएल) को विजेता टोली लुम्बिनी लायन्सलाई बधाई दिएका छन् । उनले सामाजिक सञ्जाल (फेसबुक) मार्फत विजेतालगायत सबैलाई बधाई दिएका हुन् । राष्ट्रपति पौडेलले भनेका छन्, 'खेलप्रतिको लगाव, उत्साह र समर्पणका लागि विजेता, उपविजेतालगायत सम्पूर्ण टोलीलाई बधाई छ। साथै खेलाडी, प्रशिक्षक, आयोजक र खेलप्रेमी सबैलाई विशेष धन्यवाद छ।'

# एनआरएनए उपाध्यक्ष श्रेष्ठ कांग्रेस उम्मेदवारमा सिफारिस



**धादिङ (प्रस)–** एनआरएनए आईसीसीका उपाध्यक्ष मनोज श्रेष्ठ धादिङ क्षेत्र नम्बर १ बाट कांग्रेस उम्मेदवारमा सिफारिसमा परेका छन् । नेपाली कांग्रेस धादिङले फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि प्रत्यक्ष, समानुपातिक र राष्ट्रिय सभातर्फ ३५ जनाको नाम सिफारिस गरेकोमा प्रत्यक्षतर्फ उनको नाम सिफारिसमा परेको हो ।

जनसम्पर्क समिती-युएईका प्रमुख सल्लाहकारसमेत रहेका उनलाई जिल्लाका मुद्दामा निरन्तर आवाज उठाउँदै आएकोले र ८० लाखभन्दा बढी गैरआवासीय नेपालीको प्रतिनिधि स्वर बनेर अघि सर्न खोजिरहेको बताइएको छ । विश्वभर छरिएर बसेका नेपालीको अधिकारका सवालमा नेतृत्वदायी भूमिका खेल्दै आएका उनको नाम सिफारिस सूचीमा ८औं नम्बरमा राखिएको छ ।

एनआरएन अभियानमा लामो समयदेखि समर्पित श्रेष्ठले मध्यपूर्वदेखि युरोप, अमेरिका र एसियासम्म रहेका नेपालीको प्रश्नलाई नीतिगत रूपमा नेपालमा स्थापित गर्न लागिपरेका छन् । प्रवासी नेपालीको नागरिकता, लगानी, सम्मान र सुरक्षासम्बन्धी विषयमा उनको निरन्तरको वकालतले उनलाई विश्वभरका नेपालीबीच लोकप्रिय बनाएको छ। यही प्रभाव धादिङको राजनीतिमा पनि स्पष्ट देखिन थालेको छ। उनीसँगै धादिङबाट अर्जुनप्रसाद उप्रेती, कविन शाक्य, कृष्ण रिजाल, खिल गिरी, बद्रीप्रसाद अर्याल, विकास अधिकारी, विश्वप्रसाद अर्याल, मनोजकुमार श्रेष्ठ, रवि सुदन थापा, राधाकृष्ण भण्डारी सिफारिसमा परेका छन् ।

# गगननिकट लक्ष्मी सिन्धुली–१ मा उम्मेदवार सिफारिस



**धादिङ (प्रस)–** नेपाली कांग्रेसको सिन्धुली क्षेत्र नम्बर-१ मा प्रतिनिधिसभा सदस्य उम्मेदवार खिलाकुमारी दाहाल 'लक्ष्मी' सिफारिस भएकी छिन् । नेपाल विद्यार्थी संघबाट राजनीति सुरु गरेकी दाहाल संगठनप्रतिको निरन्तर प्रतिबद्ध र स्थानीय तहमा बढ्दो प्रभावले उम्मेदवार सिफारिस भएकी हुन् ।

विद्यार्थी आन्दोलनको क्रममा उनी पटक-पटक प्रहरी नियन्त्रणमा परिन् । उनी महामन्त्री गगन थापानिकट नेतृ मानिन्छिन् ।

सिन्धुली-१ बाट उनीबाहेक ११ जना नेताको नाम पनि प्रत्यक्षतर्फ उम्मेदवारमा सिफारिस भएको छ । प्रतिनिधिसभाकै समानुपातिकतर्फ ४ जना र राष्ट्रिय सभातर्फ १ जनाको नाम सिफारिस गरिसकेको छ ।


## तु-आवश्यकता

यस प्रतिष्ठित कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Receptionist 1 (Female) 2. Documentation 1 (Female)

नोटः + 2 Pass, Photoshop सम्बन्धी कम्प्युटरमा ज्ञान भएको, अङ्ग्रेजी राम्रोसँग लेख्न, बोल्न सक्ने हुनुपर्नेछ । अनुभव प्राप्त व्यक्तिलाई पहिलो प्राथमिकता दिइनेछ ।

**तलव : आपसी समझदारीमा**

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५



## Infrastructure Development Office

**Simkot, Humla**

### Letter of Intent (LOI)

**Date of Publication: 2082/08/28 (14th Dec, 2025)**

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that ,we are going to award following contracts as per IFB No: 02-2082/083 published on National Daily dated on 2082/07/21, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID | Name of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount including VAT & PS (NRs) |
|---|---|---|---|---|
| 1. | IDO/HUMLA/W/ NCB/05/2082-083 | Construction of Gaudhara Dekhi Ghattekhola Sadak Marmat Adanchuli-04, Humla | D & D Nirman Sewa,Humla | 20,82,974.72 |
| 2. | IDO/HUMLA/W/ NCB/06/2082-083 | Construction Of Dhaandh Dekhi Gahira Samma Sadak Nirman Adanchuli-01, Humla | D & D Nirman Sewa,Humla | 12,04,080.30 |
| 3. | IDO/HUMLA/W/ NCB/07/2082-083 | Construction of Kalkhe Puchim Dada Ward No.1 Karyalaye Sadak Nirman Humla | D & D Nirman Sewa,Humla | 15,77,311.39 |
| 4 | IDO/HUMLA/W/ NCB/08/2082-083 | Construction Of Lauthi Khola Dekhi Kaalagaad Bhawani Madu Samma Sadak Estarunnati, Humla | D & D Nirman Sewa,Humla | 14,82,525.86 |

**Office Chief**



आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो !
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो !!

## भावपूर्ण श्रद्धाञ्जलि



जन्म मिति २०५४ पुस १६ गते

मृत्यु मिति २०८२ मङ्सिर १६ गते

### सम्राट आचार्य

**नेपाल पत्रकार महासंघ ललितपुर शाखा**का
सदस्य तथा अग्रज पत्रकार श्री मुक्तिनाथ आचार्यका
कान्छा सुपुत्र तथा युवा आलोक मासिकका सम्पादक
**सम्राट आचार्य**को २०८२ मंङ्सिर १६ गते मङ्गलबारका दिन
अल्पायूमै स्वर्गारोहण भएको आज **१३औं दिन**को अवसरमा दिवङ्गत आत्माको
चीरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जलि** अर्पण गर्दछौं ।
उहाँको निधनले नेपाल पत्रकार महासंघ ललितपुर शाखा मर्माहत भएको छ ।
साथै यस दुःखद् घडीमा परमेश्वरले परिवारजनलाई
धैर्यधारण गर्ने शक्ति प्रदान गरून् ।

**नेपाल पत्रकार महासंघ**
**ललितपुर जिल्ला शाखा परिवार**
**ललितपुर**

# विद्यालयलाई ४२ थान कम्प्युटर प्रदान

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले शान्ति विद्या गृह माध्यमिक विद्यालय लैनचौर र लोकहित आधारभूत विद्यालय भगवानवहाल ठमेललाई ४२ थान कम्प्युटर प्रदान गरेको छ ।

महानगरको वडा नम्बर २६ ले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उकास्नका लागि शुक्रबार शान्ति विद्या गृह मावि लैनचौरमा ३२ थान र लोकहित आधारभूत विद्यालयमा १० थान कम्प्युटर हस्तान्तरण गरेको हो । कम्प्युटर हस्तान्तरण कार्यक्रममा बोल्दै काठमाडौं-२६ का वडाध्यक्ष ख्यामराज तिवारीले सामुदायिक विद्यालयको गुणस्तर उकास्नका साथै समय अनुकूलको प्रविधिमैत्री शिक्षालाई जोड दिन ४२ थान कम्प्युटर प्रदान गरिएको जानकारी दिए ।

'विद्यालयमा शैक्षिक सामग्रीमात्र भएर हुँदैन यसलाई भरपुर प्रयोग गर्नुपर्छ, यी दुई विद्यालयलाई महानगरको मात्र नभई देशकै नमूना विद्यालय निर्माण गर्न वडाले सहयोग गर्छ,' उनले भने । सरकारी विद्यालय धेरै राम्रो छ भन्ने सन्देश दिन जरुरी रहेको उनको भनाइ थियो ।

शान्ति विद्या गृह विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं कामपा-२६ का पूर्ववडाध्यक्ष वर्षाराम भण्डारीले इतिहास बोकेको विद्यालयको शैक्षिक उन्नयनका लागि स्थानीय सरकारले गरेको सहयोगप्रति धन्यवाद दिए । शान्ति विद्या गृह माविका प्रधानाध्यापक विष्णुप्रसाद ढकालले शिक्षा क्षेत्रको सुधारका लागि स्थानीय सरकारले गरेको प्रयासप्रति आभार प्रकट गर्दै राम्रो नतिजा दिनेगरी विद्यालयले अध्यापन गराउने बताए ।

वि.सं. २००४ मा स्थापना भएको शान्ति विद्या गृहमा हाल एक हजार २०० विद्यार्थी अध्ययनरत छन् भने लोकहित आधारभूत विद्यालयमा १०६ विद्यार्थी अध्ययनरत छन् । काठमाडौं-२६ ले गत भदौ ११ गते स्टार अफिस इन्टरनेसनलसँग सम्झौता गरी २७ लाख ७६ हजार रूपैयाँ लागतमा दुई विद्यालयमा कम्प्युटर ल्याब स्थापना गरेको कामपा-२६ का वडासचिव केदार रिमालले जानकारी दिए ।

# 'विश्वविद्यालयको नेतृत्वमा गैरराजनीतिक र योग्य व्यक्ति ल्याउनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले देशका विश्वविद्यालय सुधारका लागि राजनीतिक हस्तक्षेप अन्त्य गरी गैरराजनीतिक र योग्य व्यक्तिलाई नेतृत्वमा ल्याउनुपर्ने आवश्यकता औंल्याएका छन् ।

नेपाल उच्चशिक्षा प्रतिष्ठान (एनएचएफ)ले तीनकुनेस्थित भिएस निकेतनमा शनिबार आयोजना गरेको 'नेपालीको उच्च शिक्षाका लागि नीतिगत ढाँचा' विषयक छलफल कार्यक्रममा मन्त्री पुनले विश्वविद्यालयका कुलपति र उपकुलपति पदमा राजनीतिक पहुँचभन्दा योग्यता, इमानदारी र स्वतन्त्र निर्णय क्षमता भएका व्यक्तिको नियुक्ति अनिवार्य हुनुपर्ने धारणा व्यक्त गरे ।

उनले विश्वविद्यालयलाई ज्ञान, अनुसन्धान र नवप्रवर्तनको केन्द्रका रूपमा विकास गर्न राजनीतिक भागबण्डा सबैभन्दा ठूलो बाधक बनेको बताए । उनले भने, 'प्रधानमन्त्री कुलपति हुने व्यवस्था रहँदा विश्वविद्यालयमा राजनीतिकरण भएका छन् भन्ने गुनासो सधैँ आइरहेका छन् । विश्वविद्यालय सुधारका लागि अब गैरराजनीतिक र नेतृत्व गर्नसक्ने योग्य व्यक्तिलाई जिम्मेवारी दिनुपर्छ ।'

हाल नेपालका १८ वटा विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति रहने व्यवस्था रहेको जनाउँदै मन्त्री पुनले उपकुलपति, रेक्टर, रजिस्ट्रार तथा डिनहरूको नियुक्ति प्रधानमन्त्रीमार्फत हुने भएकाले त्यसमा राजनीतिक भागबण्डा, आफ्नो मान्छे नियुक्त गर्ने प्रवृत्ति मौलाउँदै गएको बताए । 'यस्तो अवस्था अन्त्य गर्नका लागि योग्य व्यक्ति नेतृत्वमा आउनुपर्छ । विश्वविद्यालयको शैक्षिक गुणस्तर, अनुसन्धान र स्वायत्ततालाई गुणस्तरीय र स्वतन्त्र बनाइनुपर्छ,' उनले भने ।

मन्त्री पुनले प्रधानमन्त्री विश्वविद्यालयको कुलपति रहने व्यवस्था हटाउन आवश्यक कानुन संशोधन प्रक्रिया अघि बढाइएको जानकारी दिए । उनले भने, 'प्रधानमन्त्री कुलपतिमा नबस्ने र बोर्ड अफ ट्रस्टी वा काउन्सिलमार्फत योग्य, निष्पक्ष र गैरराजनीतिक व्यक्तिलाई कुलपति चयन गर्ने व्यवस्था हुनुपर्छ ।' मन्त्री पुनले सहिद दशरथचन्द विश्वविद्यालय, गेटाका लागि उपकुलपति (भिसी) नियुक्तिको विषयमासमेत जानकारी गराउँदै तीनपटक आवेदन आह्वान गर्दा पनि कुनै आवेदन नपरेकाले अब पुनः अर्कोपटक आवेदन माग गर्ने तयारी भइरहेको बताए ।

'तीन-तीन पटक भिसीका लागि आवेदन माग गर्दा कसैको पनि आवेदन नपर्नु दुःखको कुरा हो,' मन्त्री पुनले भने, 'यदि राजनीतिक भागबण्डाबाट नियुक्ति हुने हो भने धेरैको आवेदन पर्थ्यो होला । अहिले त्यस्तो चलन रोकिएको छ, त्यसैले आवेदन नपरेको हुनसक्छ ।'

कार्यक्रमका सहभागी शिक्षाविद्हरूले पनि विश्वविद्यालय सुधारका लागि राजनीतिक हस्तक्षेप अन्त्य गर्नुपर्नेमा जोड दिएका थिए । प्राध्यापक डा. मिनबहादुर विष्ट, उपप्राध्यापक डा. दीपेन्द्र पराजुली, उपप्राध्यापक मनोजकुमार कर्णलगायतले विश्वविद्यालयलाई ज्ञान उत्पादनको केन्द्र बनाउने हो भने नेतृत्व चयन पूर्णरूपमा गैरराजनीतिक, पारदर्शी र योग्यतामा आधारित हुनुपर्ने धारणा राखेका थिए । नेपाल उच्च शिक्षा प्रतिष्ठानका अध्यक्ष प्राध्यापक डा. तीर्थराज खनियाले कार्यक्रमको उद्देश्य र सान्दर्भिकतामाथि प्रकाश पार्दै नेपालको उच्च शिक्षा प्रणालीलाई समयानुकूल सुधार गर्न नीतिगत स्पष्टता, संस्थागत स्वायत्तता र उत्तरदायी नेतृत्व अपरिहार्य रहेको बताए ।


## मूल्य सूचीको सूचना !

यस रिलायन्स सुगर एण्ड **केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८२/०८/२८ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशूल्क तथा मु.अ.कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.११५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.१३०/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा



एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८२/०८/२८

यस बैंकका निक्षेपकर्ता श्री मुकुन्द प्रसाद पौडेलको छोरी, काठमाण्डौं जिल्ला, काठमाण्डौं नगरपालिका वडा नं. ७ घर भई हाल काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं.५ बस्ने वर्ष ५२ को श्रीमती **नारायणी पौडेल**को ना.प्र.प.न.४५३१, जारी मिति २०४९/१०/०२ जि.प्र.का. काठमाण्डौं) को मिति २०८२/०७/२५ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको श्रीमान श्री रमेश खनालले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरु निवेदकको माग बमोजिम मृतकको श्रीमान श्री रमेश खनालको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था लि.
Mega Dream Multipurpose Co-Operative Ltd.

प्रधान कार्यालय: बालाजु-१६, माछापोखरी, काठमाडौं, फोन नं. ०१-४३८७६१५, ४३८७६१६
सदस्य सेवा केन्द्र: कालिमाटी, काठमाडौं, फोन नं. ०१-४२०३३३८ ४६७१२७३
चाबहिल, काठमाडौं, फोन नं. ०१-४४६८१९५, ४४८२३११
न्युरोड, काठमाडौं, फोन नं. ०१-४२४०५४९
गोकर्णेश्वर, नारायणटार, काठमाडौं, फोन नं. ०१-४९१११०२, ४९१८१०३

### धितोमा रहेको सम्पती लिलाम सम्बन्धी ७ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०८/२८ गते

यस संस्थाको तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले संस्थाबाट लिएको कर्जाको सावाँ, ब्याज, हर्जाना समेत बुझाउन पटक-पटक मौखिक तथा लिखित रूपमा तारताकेता गर्दा समेत ऋण रकमको सावाँ, ब्याज, हर्जाना चुक्ता गर्न तर्फ चासो नदेखाई वेवास्ता गरेको तथा प्रभाव दैनिक National Daily मा मिति २०८१ श्रावण २६ गते ३५ दिने र मिति २०८१ असोज १ गते १५ दिने सार्वजनिक सूचना जारी गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएकाले धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित अचल सम्पत्तिहरू लिलाम बिक्रीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त समय सिमा भित्र कर्जाको साँवा, व्याज, हर्जाना समेत नतिरे नबुझाएमा ऋणी सदस्य, धितो सुरक्षण मञ्जुरी दिने, जमानत दिने व्यक्ति तथा सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालो सुचीमा राखिने र संस्थालाई धितो बन्धक दिएको चल अचल श्रीसम्पत्ति सहकारी ऐन २०७४ को दफा ७९ र ८३, सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम धितो लिलाम तथा सकार कार्यविधी २०७८ का साथै अन्य प्रचलित कर्जा असुली कार्यविधी अनुसार देहाय बमोजिमको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने ७ दिने सूचना प्रकाशित मितिले १६औं दिनमा लिलाम बिक्री गरिने व्यहोरा तपसिलमा उल्लेखित ऋणी तथा सम्बन्धित सबैको जानकारीको लागि यसै सूचनाद्वारा सुचित गरिन्छ । यस संस्थाले लिनु पर्ने असुल नभएमा ऋणीलाई कालो सुचीमा राखी निजको अन्य चल-अचल श्रीसम्पत्ति जायजेथाबाट असुल उपर गरिने छ ।

| ऋणीको नाम थर ठेगाना | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|
| **ऋणीको नामः मणि कुमार श्रेष्ठ**<br>**बाबुको नामः भक्त बहादुर श्रेष्ठ**<br>**बाजेको नामः नर बहादुर श्रेष्ठ**<br>**पत्नीः अस्मिता श्रेष्ठ**<br>**स्थायी ठेगानाः गाविस कुन्चोक वडा नं. २ सिन्धुपाल्चोक**<br>**नागरिकता नः १९८७१/१०४४७०, सिन्धुपाल्चोक**<br>**जारी मितिः २०५८/०१/०९** | **जिल्ला भक्तपुर सुडाल गाविस वडा नं.३ (ङ) साबिक कित्ता नं.११९६ को हालको कित्ता नं.१२७० को क्षे.फ.०-४-१-० (रोपनी), १३५.११ व.मि.रहेको छ ।** |

१. यो सूचना प्रकाशित भएको मितिले १६औं दिनमा, सो दिन बिदा परेमा त्यसको भोलिपल्ट का.जि. कामपा-१६ बालाजु, माछापोखरी, काठमाडौंस्थित मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्थाको कार्यालयमा दिउँसो १:०० बजे डाँक बढाबढ मार्फत धितो लिलाम बिक्री गरिनेछ ।
२. धितोमा रहेको जग्गाको पञ्चकृत मूल्य कायम गरि सो मूल्यबाट डांक बढाबढ शुरु हुनेछ । डाँक बढी कबुल गर्ने व्यक्ति/संस्थाको नाममा लिलाम बिक्री स्वीकृत गरिनेछ ।
३. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
४. लिलाम बिक्री हुने सम्पतीको धितोको कागजात तथा अन्य आवश्यक जानकारी चाहिएमा सम्बन्धित व्यक्तिरसंस्थाले कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखि बुझ्न सकिनेछ ।
५. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियमावली २०६४, तथा संस्थाको कर्जा निर्देशिका अनुसार लिलाम सकार हुन नसकेमा वा डांक बढाबढ गरेको रकम संस्थालाई चित्त नबुझेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम संस्थाले आफै धितो सकार गरि स्वामित्व आफूमा लिन सक्नेछ ।
६. लिलाम बिक्रीको कार्य सम्पन्न हुनासाथ लिलाम बिक्री सकार गर्ने व्यक्तिले कबोल गरेको मूल्यको १०% रकम धरौटी वापत संस्थालाई बुझाउनु पर्नेछ । बांकी ९०% रकम लिलाम सकार गरेको मितिले ७ दिन भित्र बुझाउनु पर्नेछ । सो म्याद भित्र बांकी रकम नबुझाएमा धरौटी वापत बुझाएको रकम जफत हुनेछ ।
७. लिलाम सकार गरेको सम्पत्तिको हक हस्तान्तरण गर्दा लाग्ने शुल्क, दस्तुर, पुंजिगत लाभकर तथा अन्य दैदस्तुर लिलाम सकार गर्न व्यक्तिले स्वयंले नै व्यहोर्नु पर्नेछ ।
८. लिलाम बिक्री बोलपत्र फारम रु. १,०००/-(एक हजार मात्र) (फिर्ता नहुने गरि) यस संस्थाको प्रधान कार्यालय, का.जि. कामपा-१६ बालाजु, माछापोखरी, काठमाडौं बाट प्राप्त गर्न सकिनेछ ।



## Khatyad Rural Municipality
### Office of the Rural Municipal Executive
Ramthadi, Mugu
Karnali Province, Nepal

### Invitation for Bids

**Date of publication: 2082/08/28 (December 14, 2025)**

1. Khatyad Rural Municipality Office, Office of the Rural Municipal Executive, Ramthadi, Mugu, Karnali Province, Nepal Invites competitive bidding form the eligible bidders for the construction works given in table below under national competitive bidding procedures.

| S. N. | Contract Id/ Description of Projects | Average Annual Construction Turnover (NRs ) in Million | Bid security Amounts (NRs) in Million | Bid Documents Fee (NRs) | Bid Validity and Bid security Period |
|---|---|---|---|---|---|
| 1. | KRM/NCB/BRIDGE/WORKS/08/82/083 Construction of Khatyad Khola Bailey Bridges, Heukuina and Masadna, Khatyad RM, Mugu | 73.40 | 18.35 | 5000 | 120 and 150 days |
| 2. | KRM/NCB/BUILD-ING/WORKS/09/82/083 Construction of Administrative Building of Khatyad Rural Municipality, Ramtadi, Mugu | 90.00 | 22.50 | 5000 | 120 and 150 days |

**Bank details to deposit the fee for bidding documents and bid security**

| | |
|---|---|
| **Name of Office** : Khatyad Rural Municipality, Mugu<br>**Name of the Bank** : Machhapuchchhre Bank Ltd., Khatyad, Branch<br>**Office Account No.**: 0720065818000083 | **Name of Office** : Khatyad Rural Municipality, Mugu<br>**Name of the Bank** : Machhapuchchhre Bank Ltd., Khatyad, Branch<br>**Dharauti Account No.**: 0720065818000068 |

2. Eligible Bidders may obtain further information at the office of **Khatyad Rural Municipality Office, Office of the Rural Municipal Executive, Ramthadi, Mugu, Telephone 9862586950 or mail at khatyadmun@gmail.com** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.



चन्दननाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खलंगा बजार, जुम्ला
कर्णाली प्रदेश, नेपाल

### आ.व. : २०८२/०८३ को लागि निःशुल्क औषधि खरिदको लागि सिलबन्दी कोटेशन दर रेट आह्वान

सूचना प्रकाशित मिति: २०८२/०८/२८

| सि. नं. | औषधिरसामानको नाम | इकाई | वार्षिक आवश्यक परिमाण | दर प्रति इकाई | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Acetyl Salicylic Acid 75 mg (Aspirin) | Tablets | ५०० | | | |
| २ | Magnesium Trisilicate 500 mg Tablet | Tablets | १५०० | | | |
| ३ | Amlodipine 5 mg Tablet | Tablets | ५००० | | | |
| ४ | Amoxycillin 500 mg Capsule | Tablets | ७००० | | | |
| ५ | Amoxycillin 125 mg / 5ml 60 ml Dry Syrup | Tablets | ३०० | | | |
| ६ | Amoxycillin 125 mg Dispersible Tablet | Tablets | १००० | | | |
| ७ | Amoxycillin 250 mg Dispersible Tablet | Tablets | ४००० | | | |
| ८ | Azithromycin 250 mg Tablet | Tablets | २००० | | | |
| ९ | Azithromycin 500 mg Tablet | Tablets | ५००० | | | |
| १० | Calamine 15% w / v 30ml Lotion | Lotion | १०० | | | |
| ११ | Cefixime 200 mg Tablet | Tablets | २००० | | | |
| १२ | Salbutamol 4mg | Tablets | ७००० | | | |
| १३ | Cetrizine HCL 10 mg Tablet | Tablet | ५००० | | | |
| १४ | Silver sulphadiazine cream 0.2% 25gm | Tube | १०० | | | |
| १५ | Clotrimazole vaginal pessary | Vaginal Tablets | ३०० | | | |
| १६ | Ciprofloxacin Hydrochloride 500 mg Tablet | Tablets | ७००० | | | |
| १७ | Ciprofloxacin 0.3% w / v Eye / Ear Drops | Eye/Ear Drops | १००० | | | |
| १८ | Ferrous sulphate 60mg + folic acid 0.4mg | Tablets | २५००० | | | |
| १९ | Clotrimazole 1% w / w 25 g Cream Tube | Skin Cream | १०० | | | |
| २० | Clotrimazole 1% w / v Mouth Paint | Mouth paint | ५० | | | |
| २१ | Clove Oil 5 ml Drop | Liquid | २०० | | | |
| २२ | Surgical Blade | Pcs | ५० | | | Vatable |
| २३ | Sulphamethoxazole 800 mg & Trimethoprim 160 mg Tablet | Tablets | ५००० | | | |
| २४ | Lignocaine 2% Injection | Injection | १० | | | |
| २५ | Dexamethasone 4 mg/ml Injection | Injection | १० | | | |
| २६ | Diclofenac Sodium 100 mg Tablet | Tablet | ७००० | | | |
| २७ | Diclofenac 25 mg/ml 3ml Injection | Injection | ३० | | | |
| २८ | Doxycycline 100 mg Tablet | Capsule | १००० | | | |
| २९ | Fluconazole 150 mg Capsule | Capsule | ५०० | | | |
| ३० | Sulphamethoxazole 400 mg & Trimethoprim 80 mg Tablet | Tablets | ५०० | | | |
| ३१ | Frusemide 40 mg Tablet | Tablet | ५०० | | | |
| ३२ | Hyoscine butylbromide 20 mg Tablet | Tablet | ७००० | | | |
| ३३ | Omeprazole 20 mg Tablet | Tablet | १५००० | | | |
| ३४ | Ibuprofen 400 mg Tablet | Tablet | १५००० | | | |
| ३५ | Metformin 500 mg Tablet | Tablets | ५००० | | | |
| ३६ | Metoclopramide 10 mg Tablet | Tablet | ५०० | | | |
| ३७ | Metronidazole 200 mg Tablet | Tablets | २०००० | | | |
| ३८ | Metronidazole 400 mg Tablet | Tablets | १०००० | | | |
| ३९ | Metronidazole 200 mg / 5 ml 60 ml Suspension | Oral Liquid | १०० | | | |
| ४० | Neomycin Skin Ointment 10gm | Ointment | २०० | | | |
| ४१ | Paracetamol 500 mg Tablet | Tablet | ४०००० | | | |
| ४२ | Paracetamol 125 mg / 5 ml 60 ml Syrup | Syrup | ३० | | | |
| ४३ | Chlorpheniramine 4mg | Tablet | ३००० | | | |
| ४४ | Povidone Iodine Solution 5% 500 ml | Solution | २० | | | Vatable |
| ४५ | Ranitidine 150 mg Tablet | Tablets | २०००० | | | |
| ४६ | Tinidazole 500 mg Tablet | Tablets | ३००० | | | |
| ४७ | Vitamin B Complex Tablets | Tablet | १०००० | | | |
| ४८ | Zinc Sulphate 10 mg Tablet | Dispersible Tablets | २००० | | | |
| ४९ | Zinc Sulphate 20 mg Tablet | Dispersible Tablets | ५००० | | | |
| ५० | Absorbent Cotton 400 gm | Roll | १०० | | | Vatable |
| ५१ | Adhesive Tape 10 cm x 5 m | Rolls | २० | | | Vatable |
| ५२ | Amlod 5mg + Losartan 50mg | Tablet | १००० | | | |
| ५३ | Gauze 90 cm x 18 m | Than | १०० | | | Vatable |
| ५४ | Rectified Spirit 500 ml | Bottle | २० | | | Vatable |
| ५५ | Albendazole 400mg | Tablet | १५००० | | | |
| ५६ | Bandage | Roll Packed | ५०० | | | Vatable |
| | जम्मा कबोल अंक | | | | | |
| | छुट | | | | | |
| | जम्मा करकट्टि १३र | | | | | |
| | जम्मा रकम | | | | | |
| | स्वीकृत लागत अनुमान | | | | | |
| | स्वीकृत लागत अनुमान भन्दा घटी/बढी | | | | | |
| | कैफियतः | | | | | |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सरकारबाटै खतरामा पछिल्लो परिवर्तन

अन्तरिम सरकारको अर्जुनदृष्टि निर्वाचन गराउनुमै हुनुपर्ने हो । तर अहिले सरकार कहिले दीर्घकालीन असर पार्ने खालका निर्णय गर्न आतुर देखिन्छन् भने कहिले मन्त्रिपरिषद् विस्तार गरेर । खासमा नेपालमा ७ देखि १० मन्त्री भए पुग्ने विभिन्न अध्ययनले देखाउँछ । तर सुशासनको मागसहित विद्रोहपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले चौथोपटक मन्त्रिपरिषद् विस्तार गरी १४ जना पुऱ्याएको छ ।

कार्कीले यसअघि बढीमा ११ जना मन्त्री बनाउने भनेकी थिइन् । प्रधानमन्त्री बनेको पहिलो साता यसो भनेकी कार्कीले शुक्रबार मन्त्रिपरिषद् सदस्य संख्या १४ पुऱ्याएकी हुन् । यसबाट सानो आकारको चुस्त मन्त्रिपरिषद् विस्तार गर्ने आफ्नै वचनमा उनी विचलित भएको पुष्टि हुन्छ । अहिले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीको आवश्यकता देखिँदैन । यसैगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पनि आवश्यक देखिन्न । वन तथा वातावरणमन्त्री पनि खासै आवश्यक देखिँदैन । यी निकाय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै सञ्चालन हुन सकिने देखिन्छ ।

जेन–जी विद्रोहअघिबाटै यी मन्त्रालयहरूमा बजेट अभावका कारण खासै काम देखिँदैनथियो । कर्मचारी घाम तापेर दिन बिताउँथे भने मन्त्रीहरू पार्टीका कार्यक्रममा अतिथि बनेर समय कटाउँथे । बरु परराष्ट्रमा नेतृत्व चाहिने समय हो । यद्यपि चुनावी सरकारको काम कुटनीति सुधार गरेर बस्ने फुर्सद पनि हुँदैन । निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त नियुक्त गरेर निर्वाचनसम्बन्धी काम फटाफट गर्नुपर्ने सरकार अहिले मन्त्री थप्ने काममा लागेको छ । यसले प्रष्ट देखाउँछ, सरकार निर्वाचन गर्न तयार छैन । बरु अपदस्थ बनेर बिदा लिने तरखरमा प्रधानमन्त्री कार्की पुगेको देखिन्छ ।

निर्वाचनको म्यान्डेट पाएको सरकारले जेन–जीसँग वार्ता र सहमति पनि गरेर बस्ने हैन । जेन–जी विद्रोहको लागि जाँचबुझ आयोग गठन भएकोले यही आयोगको सुझावको आधारमा निर्वाचनपछि बनेको सरकारले कार्यान्वयन गर्ने हो । तर सरकार भने लुरुलुरु मन्त्री थप्ने, संविधानविरोधी काम गर्नेतिर लागेको देखिन्छ ।

अहिले सरकार र जेन–जीले गरेको सहमतिमा दलहरूको राय पनि बुझ्नुपर्ने हो । तर कार्की नेतृत्वको सरकारले हतार गरेर दलको राय लिनै चाहेन । कमसेकम दलका शीर्ष नेतालाई राखेर सहमति गरेको भए भोलि बन्ने सरकारलाई यो कार्यान्वयन गराउन दबाब पर्थ्यो । जसरी जेन–जी विर्सेर अहिले पुरानै दलको कमब्याक हुँदै छ, भोलिका दिनमा सरकार र जेन–जीबीच भएको सहमति अर्को सरकारले बिर्सन सक्छ । त्यसैले सरकार यस्तो सासाना विषय केलाएरमात्र एक्सनमा उत्रौं । नत्र यत्रो परिवर्तन संस्थागत नहुने खतरा झनै बढ्नेछ ।

### श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# भ्रष्टाचारको कारण र नियन्त्रणका उपायहरू



गम्भीरबहादुर हाडा

> भ्रष्टाचारलाई प्रभावकारीरूपमा नियन्त्रण गर्न नसक्नुमा मूलरूपमा राष्ट्रप्रतिको प्रेमलाई बेवास्ता गर्नु, भ्रष्टाचारसम्बन्धी कानुनमै अपर्याप्तता हुनु र भएकाको पनि कार्यान्वयन पक्ष शिथिल हुनु, भ्रष्टाचारीलाई राजनीतिक संरक्षण हुनु, राजनीति र चुनाव महँगो हुनु एवं आर्थिक लाभको पेसाको रूपमा राजनीतिलाई लिनुलगायत रहेका छन् । समाजमा नैतिक मूल्य एवं मान्यतामा ह्रास आउनु, व्यक्तिगत स्वार्थ हावी हुनु, समाजको अवस्था एवं अनावश्यकतालाई वास्ता नराख्नु, देशको नीति निर्माणमा संलग्न हुनेहरूको आचरण शुद्ध नरहनु, प्रशासनमा राजनीतिकरण हुनुलगायत पनि भ्रष्टाचारका कारण हुन् ।

वर्षौंदेखि अनियन्त्रित बनेको भ्रष्टाचारले देशलाई धराशायी बनाएको छ । भ्रष्टाचार नियन्त्रणको नारासहित धेरै राजनीतिमा उदाय । तर सत्तामा पुगेपछि आफैं भ्रष्टाचारमा लीप्त हुने प्रवृत्तिले निरन्तरता पायो । पछिल्लोपटक उठेको जेन-जी आन्दोलनले उठाएका प्रमुख मुद्दामध्येको एक रहेको छ, भ्रष्टाचार नियन्त्रण ।

भ्रष्टाचार सार्वजनिक पदधारण गरेका व्यक्तिले खराब नियत राखेर सार्वजनिक सम्पत्तिमा हानि पुऱ्याउनेगरी गर्ने अनियमित कार्य हो । भ्रष्टाचारीको कुनै जात, धर्म, लिंग हुँदैन । साँच्चै भन्ने हो भने भ्रष्टाचारीको राष्ट्रियता पनि हुँदैन । नागरिकता बोकेर राष्ट्रियता बिर्सिने भ्रष्टाचारी देशको अर्थतन्त्र खाने धमिरा हुन् । धमिराको बिगबिगी रहुञ्जेल अथवा यस्ता धमिराको अन्त्य नभएसम्म देश समृद्धि यात्रामा अघि बढ्न सक्दैन । यद्यपि, भ्रष्टाचार नियन्त्रणको प्रयास अझै पनि सशक्त बन्न सकेको छैन । भ्रष्टाचारका झिनामसिना घटनाहरूमै धेरै शक्ति र बल खेर गइरहेको छ । भ्रष्टाचारमा साना माछा भनिएकाहरूलाई मात्रै भयभीत तुल्याइँदै आएकोमा पछिल्लोपटक नक्कली भुटानी शरणार्थी प्रकरणमा ठूला माछा पनि समातिन थालेपछिचाहिँ जनतामा केही आशा जागेको छ । तर भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै नेपाली नागरिकबाट लाखौं रकम असुल्ने संगठित गिरोहविरुद्ध प्रहरीको अनुसन्धान गहिरिँदै गर्दा राजनीति र सरकारका शीर्ष नेतृत्व नै अनुसन्धानलाई प्रभावित पार्न उद्धत हुँदा जनताका मनमा आशंका र निराशा पनि बढेको छ ।

सामान्यतया पाँच किसिमका भ्रष्टाचारको चर्चा जनमानसमा हुने गरेको पाइन्छ । जसमा आर्थिक भ्रष्टाचार, राजनीतिक भ्रष्टाचार, प्रशासनिक भ्रष्टाचार, कानुनी भ्रष्टाचार र सामाजिक भ्रष्टाचार रहेका छन् । धेरैको भनाइमा भ्रष्टाचार आर्थिक विपन्नताकै कारणले हुन्छ अर्थात् गरिब मुलुकमा बढी भ्रष्टाचार हुन्छ । यो धनी मुलुकको तर्क हो । तर वास्तविकता फरक छ । संसारको सम्पन्न देशका सम्पन्न व्यक्तिहरू पनि भ्रष्टाचारमा संलग्न भएका घटनाहरू सबैको सामु देखापरेका छन् । भ्रष्टाचार निवारण ऐन, २०१७ ले भ्रष्टाचारको नै परिभाषा गरेको छैन । तापनि भ्रष्टाचारसँग सम्बद्ध कतिपय शब्दहरूको व्याख्या र परिभाषा गरिएको छ, जुन राष्ट्रसेवक, लाभको पद, सार्वजनिक जवाफदेहीको पद, विशेष प्रहरी विभाग, विशेष प्रहरी अधिकृत, कानुनको मात्रा, हानि, घुस, प्रशासकीय अदालतलगायत छन् ।

भ्रष्टाचार नियन्त्रण र सुशासनमा नेपालको अवस्था निराशाजनक छ । भ्रष्टाचारबाट पर्ने प्रभावहरूमा: विकासका नवीनतम् मुद्दाहरूमा अपेक्षित नतिजा प्राप्त गर्न कठिनाइ हुनु, गरिबी निवारण, दिगो विकास, जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण जस्ता प्रयासहरूमा अवरोध सिर्जना हुनुलगायत हुन् । यसैगरी विकासका आयोजना समयमा नै सम्पन्न हुन नसक्नु तथा लागत अस्वाभाविकरूपमा बढ्न जानु, विकासका पूर्वाधार तथा सार्वजनिक सेवाको अपेक्षित गुणस्तर कायम हुन नसक्नु, राष्ट्रियतामा आघात पर्नु, अन्तर्राष्ट्रिय समुदायले हेर्ने दृष्टिकोणमा फरक आउनु, दोस्रो दर्जाको नागरिकको व्यवहार खेप्नुपर्ने अवस्थाको सिर्जना हुनु, मुलुकको शान्ति सुव्यवस्थामा खलल पुग्न जानेलगायत प्रभाव पर्ने गरेका छन् । असमानता र विभेद बढ्न जाँदा हुँदा खाने र हुने खाने बीचमा ठूलो खाडल सिर्जना हुन जान्छ । अविकासको पराकाष्ठा र कूशासनको बोलवाला हुने विकासका प्रयत्न निरर्थक बन्ने, सरकार र शासन दुवैको वैधतामा प्रश्नचिह्न खडा हुने आदि पर्दछन् ।

भ्रष्टाचारलाई प्रभावकारीरूपमा नियन्त्रण गर्न नसक्नुमा मूलरूपमा राष्ट्रप्रतिको प्रेमलाई बेवास्ता गर्नु, भ्रष्टाचारसम्बन्धी कानुनमै अपर्याप्तता हुनु र भएकाको पनि कार्यान्वयन पक्ष शिथिल हुनु, भ्रष्टाचारीलाई राजनीतिक संरक्षण हुनु, राजनीति र चुनाव महँगो हुनु एवं आर्थिक लाभको पेसाको रूपमा राजनीतिलाई लिनुलगायत रहेका छन् । समाजमा नैतिक मूल्य एवं मान्यतामा ह्रास आउनु, व्यक्तिगत स्वार्थ हावी हुनु, समाजको अवस्था एवं अनावश्यकतालाई वास्ता नराख्नु, देशको नीति निर्माणमा संलग्न हुनेहरूको आचरण शुद्ध नरहनु, प्रशासनमा राजनीतिकरण हुनु, भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा नेतृत्व वर्गले आफू उदाहरण बनेर देखाउने साहस देखाउन नसक्नु, दलहरू भ्रष्ट प्रवृत्तिविरुद्ध सचेत र सतर्क नहुनुलगायत पनि भ्रष्टाचारका कारण हुन् ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ देखि दफा २४ सम्ममा व्यवस्था भएका कसुर हरूमध्ये धेरै मात्रामा उजुर पर्ने तथा अनुसन्धान र अभियोजन गरिएका कसुरहरूमा रिसवत लिने दिने, राजस्व चुहावट गर्ने, गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्नेलगायत रहेका छन् । आयोजनाको सम्भाव्यता अध्ययन गर्दा वा नर्म्स तयार गर्दा आधारविना अस्वाभाविक किसिमबाट बढी काम वा लागत देखाउने, निर्धारित गुणस्तरभन्दा कम गुणस्तरको निर्माण सामग्री प्रयोग गर्ने वा अनुमति दिने वा निर्धारित गुणस्तरको हो भनी प्रमाणित गर्ने, निर्माण कार्यको गुणस्तर कम गर्ने, आकार वा रूप परिवर्तन गर्ने वा निर्धारित सर्त तथा मापदण्डविपरीत निर्माण कार्य गर्ने, गराउने वा त्यस्तो निर्माण कार्यलाई गुणस्तरयुक्त, सर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित वा स्वीकृत गर्ने जस्ता कसुरहरू देखिन्छन् ।

यसैगरी लागत इस्टिमेट अस्वाभाविकरूपमा बढाई संशोधन गरी काम गर्ने/गराउने, झूटा बिल, भरपाई बनाई भुक्तानी लिने, दिने वा बिलको दोहोरो भुक्तानी लिने दिने, आवश्यक पर्नेभन्दा अस्वाभाविक रूपमा बढी सामान खरिद गर्ने गराउने, सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानुनीरूपमा आफ्नो वा अरूको नाममा दर्ता, भोगचलन गर्ने गराउने, सरकारी वा सार्वजनिक संस्थाको नाममा कुनै सम्पत्ति धितो लिनुपर्दा अस्वाभाविकरूपमा अधिक मूल्यांकन गर्ने गराउने तथा मालसामान खरिद गर्दा गुणस्तरहीन, म्याद नाघेको र अस्वाभाविकरूपमा बढी मूल्य तिरी खरिद गर्ने गराउनेजस्ता भ्रष्टाचारजन्य कार्यहरू हुने गरेका पाइन्छ ।

सबै किसिमका भ्रष्टाचारका मुद्दाहरूको अनुसन्धान गर्दा अनुसन्धान गर्नुपर्ने विषयको रूपरेखा तयार गर्ने, अनुसन्धान अधिकृतको व्यवहार, कुनै चीजवस्तु बरामद गर्दा, कागजात माग गर्दा वा प्राप्त गर्दा सक्कल नक्कल सम्बन्धमा विचार गर्नुपर्ने देखिन्छ । यसैगरी वैज्ञानिक परीक्षण गर्न पठाउँदा ध्यान दिनुपर्ने हुन्छ ।

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाबार गरी 'अख्तियार दुरूपयोग' गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्ने/गराउने संवैधानिक निकाय हो- अख्तियार दुरूपयोग अनुसन्धान आयोग । वि.सं. २०७६ मा राष्ट्रिय सभामा प्रस्तुत संशोधन विधेयक राजनीतिक षडयन्त्रले कोमामा रहेको भए पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ र निर्माण भएको मितिदेखि गत वर्षको अन्त्यतिर मात्रै पहिलोपटक संशोधन भएको भ्रष्टाचार निवारण ऐन, २०५९ भ्रष्टाचारसम्बन्धी कामकारबाहीलाई कानुनको दायरामा ल्याउने कानुनी औजार हुन् । उक्त कानुनहरूको दायराभित्रै रही आयोगले आफ्नो संवैधानिक जिम्मेवारी निरन्तररूपमा गरिआए पनि यत्रतत्र सर्वत्र भ्रष्टाचार मौलाएको पाइन्छ । आयोगले भ्रष्टाचार नियन्त्रण गरेन भन्ने गुनासो, आवेग अनि अतिरञ्जित आरोप हाम्रो दैनिकी हो । भ्रष्टाचारसम्बन्धी आरोपको अनुसन्धान/छानबिन गर्ने संरचनाहरू राज्यमा थुप्रै छन्, तर विफलताको कथा मूलरूपमा अख्तियारसँग मात्रै जोडिन्छ ।

भ्रष्टाचार मुद्दा हेर्ने छुट्टै विशेष अदालत छ, भ्रष्टाचार निवारण ऐन संशोधन गर्न २०७६ माघमा राष्ट्रिय सभामा दर्ता भएको प्रस्तावित संशोधन संसद्बाट पारित हुन हाम्रो प्रणालीमा पाँच वर्षभन्दा केही दिन बढी लाग्यो । २३ वर्षअघि बनेको भ्रष्टाचार निवारण ऐन २०५९ मा ल्याइएको संशोधनको दफा १७ 'क' मा नेपालको सन्दर्भमा भ्रष्टाचार नियन्त्रणका नवीन व्यवस्था गरिए पनि त्यसका कतिपय प्रावधान प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न अख्तियारको मात्रै प्रयासले आजसम्म सम्भव भएको छैन । उक्त दफामा कुनै राष्ट्रसेवकले कानुनबमोजिम कुनै खास अवधिभित्र कुनै निर्णय गरिसक्नुपर्नेमा मनासिब कारण परेको अवस्थाबाहेक जानी/जानी आफू वा अरू कसैलाई लाभ लिई/दिई/दिलाई बदनियतपूर्वक त्यस्तो निर्णय नगरेको कारणबाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानि नोक्सानी पुग्न गएको रहेछ भने त्यसो गर्ने व्यक्तिलाई सजाय हुने व्यवस्था गरिएको छ । यो दफाले कुन काम कति अवधिसम्म गरिसक्नुपर्ने हो ? त्यसलाई नाप्ने आधार के हुने ? आयोगले आफ्नै तवरले यस्तो समयावधिबारे कुनै तर्कसंगत निष्कर्षमा पुगेर अभियोग दायर गरिहाल्यो भने विगतका थुप्रै मुद्दामा स्थापित सिद्धान्तमा भनिएझैं अख्तियारले मनगढन्ते, स्वेच्छाचारी एवं वदनियतपूर्वक कार्य गऱ्यो भन्ने आरोपको भुमरीमा पर्नु आयोगको नियति हो । भ्रष्टाचार निवारण ऐन, २०५९ मा ल्याइएका थुप्रै यस्ता प्रावधान कार्यान्वयन प्रयोजनार्थ समयमै उचित तवरले सम्बोधन गरिएमात्रै परिमार्जित प्रावधान कार्यान्वयनयोग्य हुन सक्छन् ।

बिल भर्पाइ र भुक्तानी लिन आवश्यक पर्ने सम्पूर्ण कागजात समयमै पेस गर्दा पनि मागेको कमिसन वा घुस बुझाउन नसक्दा खर्च लेख्ने अधिकारीले भुक्तानी नदिएको कारण घुस रिसवत बुझाउनुपरेको थुप्रै पीडितको अन्तरकथा हो । यस्ता पीडा अचानोलेमात्रै थाहा पाउँछ । सानो अचानोको सानै कथा हुँदा भ्रष्टाचार नियन्त्रणको परिप्रेक्ष्यमा ओझेलमा परेका यिनको गिन्ती नै हुँदैन । यस्तो प्रकृतिको उजुरीलाई अख्तियारले सम्बोधन गरिहाल्दा पनि 'सानो-मसिनो भ्रष्टाचारलाई अख्तियारले हात हाल्यो, आयोगले साना-मसिना-झिना-निरीह मानिसलाई हात हाल्ने त हो नि' भन्ने भाष्यबाट आयोग आफैं पीडित भएको अरूले महसुस गर्ने विषय नै मानिँदैन ।

मुख्यरूपमा युवा विद्यार्थी र सामाजिक चेतना बोकेका नागरिकहरू मिलेर यो आन्दोलनलाई नैतिक विरोधको रूपमा सडक प्रदर्शनभन्दा अलि परे पुऱ्याएका छन् । यो समस्या केवल कोही कसैको अक्षमताले होइन तर गहिरोरूपमा जरा गाडेको दण्डहीनता र चरम महत्त्वाकांक्षाको संस्कृतिले उत्पन्न भएको हो । प्रदर्शनकारीले भ्रष्टहरूलाई कानुनी कारबाहीको माग गर्दै राज्य संरचना परिवर्तनका लागि आवाज उठाएका छन् । उनीहरूको स्पष्ट सन्देश छ- नेपाली समाजले अन्याय र भ्रष्टाचारलाई समयमै रोक्नुपर्छ । यो विद्रोहको प्रमुख उद्देश्य भनेकै राज्यका संरचनाहरू स्वतन्त्र, पारदर्शी र जवाफदेही हुनु, राजनीतिक अस्थिरता रोक्नु, राज्यका साधन स्रोतमा सर्वसाधारणकोसमेत पहुँच सुनिश्चित हुनु, निष्पक्ष कानुन, सामाजिक एकता र राज्य संयन्त्रमा युवा सहभागिता हो । राजनीतिक बफादारीले पटक्कै प्रेरित नभएको युवाको यो असन्तोष देशमा व्याप्त बेरोजगारी र भ्रष्टहरूको सानो समूहले राष्ट्रको भविष्यलाई बन्दी बनाएको गम्भीर वास्तविकताबाट उत्पन्न भएको हो । लोकतन्त्रको फाइदा लिएर पुरानो पुस्ता नेतृत्वले प्रजातान्त्रिक मान्यताप्रति देखाएको उदासीनता र उपहासबाट उत्पन्न भएको संकट हो । यसलाई समाधान गर्न नेपाली समाजका हरेक पाटाहरूमा जवाफदेहिताको प्रतिबद्धता आवश्यक छ ।

कुनै पनि सरकारी निकायको काम गर्ने प्रयासलाई भ्रष्टाचारले सफल हुन दिँदैन । प्रहरीभित्र भएको भ्रष्टाचारले नेपाल प्रहरीको अपराध नियन्त्रणका प्रयासहरूलाई कमजोर पार्न र आपराधिक गतिविधिहरूका लागि अनुकूल वातावरण बनाउनमा योगदान पुऱ्याउँछ । अपराध नियन्त्रणका लागि प्रहरीमामात्रै होइन कि सम्पूर्ण न्याय प्रणालीमा देखिएको भ्रष्टाचारलाई सम्बोधन गर्न जरूरी छ । पारदर्शिता, जवाफदेहिता र बलियो आन्तरिक निरीक्षण गर्ने संयन्त्रले मात्रै प्रभावकारी भ्रष्टाचार नियन्त्रण गर्ने उपायहरू लागू गर्न मद्दत गर्न सक्छ ।

अपराध नियन्त्रणका लागि बलियो र प्रभावकारी न्याय प्रणाली आवश्यक छ । झण्झटिलो कानुनी प्रक्रियाले न्यायमा बाधा पुऱ्याउन सक्छ र पीडितहरूलाई अपराधका बारेमा उजुरी गर्न निरूत्साहित गर्दछ । न्यायपालिकाको सुदृढीकरण गरेर, अदालतको पूर्वाधारमा सुधार गरी मुद्दाको सुनुवाइलाई छिटो छरितो र समयमै न्याय सुनिश्चित गर्न सकेपछि मात्रै जनतालाई सम्पूर्ण कानुन कार्यान्वयन र न्याय प्रणालीप्रति विश्वास जगाउन सकिन्छ ।

संस्थागत जनचेतना अभिवृद्धिका कार्यक्रमले नागरिकलाई अपराध नियन्त्रणमा सक्रिय भूमिका खेल्न प्रेरित गर्न सक्छ । शैक्षिक अभियानहरू, कार्यशालाहरू र अन्य कार्यक्रमहरूले जनतालाई अपराधबारे शिक्षित गर्न र आपराधिक गतिविधिहरूबारे जानकारी गर्न प्रोत्साहित गर्न सक्छ । अन्तर्राष्ट्रिय समन्वय, सहयोग र सहकार्य बढाउने, अकुत सम्पत्तिको प्रभावकारी छानबिन गरी मुद्दा चलाउने, भ्रष्टाचार नियन्त्रण गर्ने कार्य सरकारको प्राथमिक कार्यमा पारी भ्रष्टाचारविरुद्धको शून्य सहनशीलताको नीतिलाई मूर्तरूप दिने व्यवस्थालगायतका सुधारका कार्यहरू गर्नुपर्दछ ।

वर्तमान १६औं योजना (२०८१/८२-२०८५/८६) मा भ्रष्टाचार नियन्त्रणसम्बन्धी नीति, रणनीति तथा कार्यक्रमअन्तर्गत उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि समय र दूरी छोटचाउने यातायात तथा पारवहन सुविधाको विस्तार गर्दै उत्पादन क्षेत्रलाई बजारसँग जोड्ने ग्रामीण र सहरी अर्थतन्त्रबीच सन्तुलन तथा समन्वय कायम गर्न यातायात तथा सञ्चार आबद्धता बढाउने, कृषि, उद्योग, ऊर्जा, सिँचाइ, जलस्रोत, पर्यटन, व्यापारलगायतका क्षेत्रमा अध्ययन अनुसन्धानका लागि नीतिगत तथा संस्थागत व्यवस्था; लगानी अभिवृद्धि र जनशक्तिको क्षमता अभिवृद्धि गर्ने; अध्ययन, अनुसन्धानबाट प्राप्त नतिजा तथा सुझावलाई कृषि तथा उद्योग लगायतका क्षेत्रको विकासमा उपयोग गर्ने नीति राखिएको छ । उत्पादनदेखि उपभोगसम्मका विभिन्न चरणमा आबद्ध सरोकारवाला व्यक्ति तथा निकायहरूका कामकारवाहीलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी बनाउने; नियमनकारी निकायहरूको नियमन प्रणालीलाई प्रभावकारी बनाउने र अन्तरसरकारी तथा तहगत निकायहरूबीच अन्तरसम्बन्ध स्थापित गरी उत्पादनशील क्षेत्रमा संस्थागत सुदृढीकरण गर्ने नीति छ ।

उत्पादनका साधनहरूको क्षमता तथा कुशलता अभिवृद्धिका लागि आधुनिक सूचना प्रविधिको प्रयोग बढाउने; अर्थतन्त्रका क्षेत्रगत उत्पादन अभिवृद्धिका लागि सूचना प्रविधिको प्रयोग बढाई क्षेत्रगत अग्र तथा पृष्ठसम्बन्ध स्थापित गर्न सूचना सञ्जाल तथा प्रविधिको प्रयोगमा जोड दिने नीति तथा कार्यक्रमहरू राखेको पाइन्छ । राज्य पक्षले आफ्नो कानुनी प्रणालीका आधारभूत सिद्धान्तहरूअनुरूप हुनेगरी यस्तो निकाय वा निकायहरूले कुनै पनि अनुचित प्रभावबाट मुक्त रहेर र प्रभावकारीरूपमा आफ्नो वा आफ्ना कार्यसञ्चालन गर्न सक्षम रहन सक्नेगरी निकायगत आवश्यक स्वतन्त्रता प्रदान गर्नु आवश्यक छ । त्यस्ता निकायहरूलाई आवश्यक भौतिक स्रोत र विशिष्टीकृत कर्मचारीलगायत ती कर्मचारीलाई आफ्ना कार्यहरू गर्नका लागि आवश्यक पर्न सक्ने तालिमसमेत प्रदान गर्नुको साथसाथै राज्यपक्षले उपयुक्त भएसम्म र आफ्नो कानुनी प्रणालीका आधारभूत सिद्धान्तहरूअनुरूप हुनेगरी कार्यसम्पादन गरिनु आवश्यक छ । राज्य पक्षले भ्रष्टाचारविरुद्ध लड्नका लागि, आफ्नो कानुनी प्रणालीका आधारभूत सिद्धान्तहरूअनुरूप हुनेगरी आफ्ना सार्वजनिक अधिकारीहरूमा अन्य कुराका अतिरिक्त निष्ठा, इमान्दारी र उत्तरदायित्व अभिवृद्धि गर्नु पनि त्यत्तिकै आवश्यक छ ।

म्याग्दीमा महिलाको अवस्था

# राजनीतिक, सामाजिक र आर्थिक नेतृत्वमा सुधारोन्मुख

■ कमल खत्री

'महिलाहरूले सञ्चालन गरेका व्यवसायबाट स्वरोजगार र आर्थिक रुपमा आत्मनिर्भरता बढाएको छ, त्यसबाट धेरैले रोजगारी पनि पाएका छन्' । महिलाहरु मितव्ययी र पारदर्शी हुने भएकाले उनीहरूले सञ्चालन गरेका व्यवसायको दिगोपना हुने गरेको अनुभव छ ।

**बेनी (म्याग्दी)**– म्याग्दीमा राजनीतिक, सामाजिक र व्यावसायिक नेतृत्वमा महिलाहरूको सक्रियता बढ्न थालेको छ । केही वर्ष अघिसम्म घरायसी कामकाजमा मात्र सीमित हुने महिलाहरू अहिले भने राजनीतिक तथा सामाजिक क्षेत्रमा क्रियाशील हुन थालेका हुन् । मुख्य राजनीतिक दलहरूमध्ये नेकपा एमालेको जिल्ला कमिटीको पदाधिकारी र केन्द्रीय समितिमासमेत महिलाहरूको प्रतिनिधित्व छ । एमालेको स्थायी कमिटी सदस्यमा म्याग्दीबाट थममाया थापा छिन् ।

थापा पूर्वमहिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीसमेत थिइन् । त्यसैगरी संविधानसभा सदस्यसमेत रहेकी नरदेवी पुन एमालेको केन्द्रीय सदस्य छिन् । म्याग्दीमा सशक्त महिला नेतृको पहिचान बनाएकी पुनले गण्डकी प्रदेश सरकारमा सामाजिक विकासमन्त्री र संघीय सरकारमा पशुपन्छी विकास राज्यमन्त्रीका रूपमा जिम्मेवारी सम्हालिसकेकी छन् । एमालेको जिल्ला कमिटीमा धमसरा पुन सचिव छिन् । उनले २०७४ सालमा धवलागिरि गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएर पाँच वर्ष स्थानीय तहको जनप्रतिनिधिका रूपमा काम गरिसकेकी छन् ।

एमालेको तर्फबाट २०७४ सालमा मालिका गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित भएकी महिला नेतृ खरमाया बिटालु हाल अनेमसंघ गण्डकी प्रदेश कमिटीको अध्यक्ष छिन् । वि.सं. २०७९ को स्थानीय तह निर्वाचनमा नेकपा माओवादी केन्द्रको तर्फबाट उम्मेदवार बनेर बेनी नगरपालिकाको उपप्रमुखमा निर्वाचित ज्योति लामिछाने पार्टीको प्रदेश कमिटी सदस्यसमेत छिन् । उनी अनेमसंघ क्रान्तिकारीको जिल्ला अध्यक्ष र केन्द्रीय सदस्य छिन् । माओवादीको प्रदेश कमिटीमा म्याग्दीबाट लामिछानेसँगै अम्बिका ढुंगाना, चिना हमाल, गौरी सेञ्चुरी र मनमाया चोचांगीको प्रतिनिधित्व छ ।

नेपाली कांग्रेस म्याग्दीमा पार्टी विधानबमोजिम महिलाहरूको प्रतिनिधित्व भए पनि पार्टीको पदाधिकारी तहमा महिलाहरू पुगेका छैनन् । वि.सं. २०७९ को प्रदेशसभा निर्वाचनमा कांग्रेसबाट गण्डकी प्रदेशसभामा समानुपातिकतर्फ प्रदेशसभा सदस्यमा निर्वाचित विमला गौचनको गत वर्षको कात्तिकमा निधन भएको थियो ।

कांग्रेसमा गौचन सशक्त महिला नेतृत्वका रूपमा स्थापित भएकी थिइन् । कांग्रेस म्याग्दीबाट महासमिति सदस्यमा युवा नेतृ मनकुमारी विक निर्वाचित भएकी थिइन् । यसअघि म्याग्दीबाट महाधिवेशन प्रतिनिधिसमेत रहेकी विक कांग्रेसको युवा महिला नेतृका रूपमा परिचित छिन् । मुख्य राजनीतिक दलहरूका गतिविधिमा महिलाको सहभागिता बढ्दो छ ।

## स्थानीय तहमा महिलाको उपस्थिति

छ स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा पालिका अध्यक्ष र वडाध्यक्षमा महिला शून्य छन् । बेनी नगरपालिकाको उपप्रमुखमा नेकपा माओवादी केन्द्रबाट रेशम पुनमगर पुरुष नै निर्वाचित छन् ।

एमालेको तर्फबाट मालिका गाउँपालिकाको उपाध्यक्षमा लक्ष्मीदेवी घर्तीमगर, मंगला गाउँपालिकाको उपाध्यक्षमा प्रेमा क्षेत्री र अन्नपूर्ण गाउँपालिकाको उपाध्यक्षमा दिवाकुमारी तिलिजा पुन निर्वाचित छन् भने नेपाली कांग्रेसबाट रघुगंगा गाउँपालिकाको उपाध्यक्षमा प्रेमकुमारी पुन निर्वाचित छिन् । वडा सदस्यमा महिला र दलित महिलाबाहेक खुला सदस्यबाट थप महिला सदस्यहरू चुनिएका छैनन् । वि.सं. २०७४ को स्थानीय तह निर्वाचनमा म्याग्दीमा एक पालिका प्रमुखसहित दुई वडाध्यक्षमा महिला चुनिएका थिए ।

अघिल्लोपटक धवलागिरि गाउँपालिकाको अध्यक्षमा एमालेबाट थमसरा पुन निर्वाचित हुँदा मालिका गाउँपालिका-५ देवीस्थानको वडाध्यक्षमा कांग्रेसबाट पिपला बुढा र धवलागिरि गाउँपालिका-५ मल्कबाङको वडाध्यक्षमा कांग्रेसबाटै खर्ककुमारी छन्त्याल विजयी बनेकी थिइन् । यसपटक पालिका प्रमुख अध्यक्ष र वडाध्यक्षमा महिला प्रतिनिधित्व शून्य भए पनि अघिल्लोपटकको भन्दा चुनावी प्रतिस्पर्धामा भने महिलाहरूको संख्या बढोत्तरी भएको थियो । २०७९ को स्थानीय तह निर्वाचनमा तीन महिला पालिका प्रमुखको प्रतिस्पर्धामा चुनावी मैदानमा उत्रिएका थिए ।

रघुगंगा गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रबाट मीना विश्वकर्मा, धवलागिरि गाउँपालिकाको अध्यक्षमा एमालेकी थमसरा पुन र बेनी नगरपालिकाको प्रमुखमा राप्रपाकी मीनाकुमारी शर्मा उम्मेदवार बनेका थिए । त्यसैगरी, मंगला गाउँपालिका-४ मा एमालेबाट लक्ष्मी बुढाथोकी र माओवादी केन्द्रबाट मनमाया चोचांगे तथा रघुगंगा गाउँपालिका-२ भगवतीको वडाध्यक्षमा रञ्जना श्रेष्ठ स्वतन्त्रबाट वडाध्यक्षको उम्मेदवार बनेका थिए । पालिका र वडाको नेतृत्वमा उम्मेदवार बनेका छ महिला नै पराजित भएका थिए ।

## महिलालाई दोहोरो भूमिकाको चुनौती

राजनीतिमामात्र होइन सामाजिक संघसंस्थामासमेत महिलाहरूको सहभागिता न्यून छ । विशेषगरी विद्यालय, संघसंस्था र विकास निर्माणका उपभोक्ता समितिको नेतृत्वमा महिलाहरू नगन्य हुन्छन् ।

संविधानले व्यवस्था गरेको ३३ प्रतिशत सहभागिताबाहेक नेतृत्वदायी भूमिकामा महिलाहरूलाई पुर्‍याउन अहिले पनि उत्तिकै समस्या छन् । राजनीति र सामाजिक क्षेत्रमा महिला सहभागिता बढ्दै गए पनि मूल नेतृत्वमा महिलाको सहभागिता क्लस्टरमा मात्र सीमित रहने गरेको नेकपा एमाले म्याग्दीकी सचिव थमसरा पुनले बताइन् । 'पार्टीका गतिविधि र कार्यक्रममा महिलाहरूको सक्रियता बढ्दो छ, अझै पनि महिलालाई सहजरूपमा नेतृत्व दिने वातावरण बनिसकेको छैन, हामीले पनि नेतृत्व गर्न सक्छौं भनेर बुझाउन र विश्वास जित्न संघर्ष गर्नुपर्ने अवस्था छ,' पुनले भनिन् ।

महिलाहरूका लागि राजनीति र सामाजिक क्षेत्रको नेतृत्वका लागि समाजको दृष्टिकोण, उचित समय र वातावरण मुख्य चुनौती हुन् । महिलाहरूले घरव्यवहारको काम र बालबच्चाको स्याहारसुसारलाई समेत सकेर राजनीति र सामाजिक क्षेत्रमा समय दिनुपर्ने भएकाले पुरुषको तुलनामा महिलाहरूमाथि धेरै जिम्मेवारीको भारी बोक्नुपर्ने अवस्था रहेको बेनी नगरपालिकाकी उपप्रमुख ज्योति लामिछानेले बताइन् । 'नेपालको संविधानले व्यवस्था गरेबमोजिम सामाजिक, राजनीतिक क्षेत्रमा महिला सहभागिता बढ्दो छ, यो निकै खुसीको कुरा हो, तर नेतृत्वदायी भूमिकामै महिलाहरूलाई पुर्‍याउन पुरुषवादी चिन्तन मुख्य समस्या बनेको छ,' उनले भनिन् ।

## उद्यमशीलतामा महिला सक्रियता

परम्परागतरूपमा पुरुष घरमुली बन्ने र महिला घरको चुलोचौकाको काममा सीमित हुने परिपाटी विस्तारै फेरिँदै गएको छ । म्याग्दीको सन्दर्भमा उद्यमशीलता र व्यावसायिक क्षेत्रमा महिलाहरूको सक्रियता बढेको छ ।

सदरमुकाम बेनीमा एकलरूपमा महिलाहरूकै नेतृत्वमा पनि व्यापार व्यवसाय र उद्यम सञ्चालन गरेर आत्मनिर्भर बन्ने र घरपरिवारको आर्थिक अवस्थामा सुधार ल्याएका धेरै उदाहरण रहेको म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुविनकुमार श्रेष्ठले बताए । उनका अनुसार बेनीमा महिलाको नेतृत्वमा लोकल मार्ट, ब्युटीपार्लर, टेलरिङ, होटल व्यवसाय, खाद्यान्न, भाँडा पसल, फर्निचरलगायत व्यवसाय धेरै सञ्चालनमा छन् ।

'महिलाहरूले सञ्चालन गरेका व्यवसायबाट स्वरोजगार र आर्थिक रूपमा आत्मनिर्भरता बढाएको छ, त्यसबाट धेरैले रोजगारी पनि पाएका छन्,' अध्यक्ष श्रेष्ठले भने । महिलाहरू मितव्ययी र पारदर्शी हुने भएकाले उनीहरूले सञ्चालन गरेका व्यवसायको दिगोपना हुने गरेको उनको अनुभव छ ।

म्याग्दी उद्योग वाणिज्य संघले महिला उद्यमी र व्यवसायीहरूलाई महिला उद्यम विकास समितिमार्फत संगठित गराएको छ । संघमा हाल स्थायी र अस्थायी गरी करिब दुई हजार ५०० सदस्य रहेकामा करिब ३० प्रतिशत महिला छन् । महिलालाई व्यावसायिक र उद्यमशील बनाउनका लागि सरकारलेसमेत सहुलियतपूर्ण ऋण र अनुदानमा प्रोत्साहन गर्ने नीति लिएको छ । स्थानीय, प्रदेश र संघीय सरकार र मातहतका कार्यालयलेसमेत महिलालाई लक्षित गरेर क्षमता विकास, सीप विकासका साथै उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम र तालिम सञ्चालन गर्दै आएका छन् । *रासस*

# पाहुनाको पर्खाइमा 'मुदीगाउँ'

**म्याग्दी–** पृष्ठभूमिमा गुर्जा र धवलागिरि हिमाल । भिरालो पाखामा गुजमुज्ज ढुंगे घरहरू । ग्रामीण जीवनशैली । हिउँदमा बेँसी र बर्खामा लेक जाने पशुका घुम्ती गोठहरू । चिटिक्क परेका गल्लीहरू । कर्नासेमा मकैको झोता झुण्ड्याएका घरहरू ।

म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्ने मुदीगाउँ रमणीय र मनमोहक छ । मगर समुदायको बाहुल्य बसोबास रहेको मुदी प्रकृति र संस्कृतिको संगम हो । हिमशृंखला, पहाडी भूगोल, ग्रामीण जीवनशैलीमा रमाउन सकिने मुदी पाहुना र पर्यटकको पर्खाइमा रहेको वडाध्यक्ष यामबहादुर घर्तीले बताए ।

'संसारको सातौं (८१६७ मिटर) अग्लो धवलागिरि हिमाल यही मुदीगाउँ समेटिएको धवलागिरि गाउँपालिका-४ को भूगोलमा पर्छ,' उनले भने, 'प्रचारप्रसारको कमीले ओझेलमा परेको मुदीमा पर्यटन पूर्वाधार निर्माण र विस्तारसँगै प्रवर्द्धनमा जुटेका छौं ।'

नेपाल पन्छीविद् संघले गरेको अध्ययनका क्रममा मुदी र दरमा चिरकालिजको बासस्थान रहेको भेटिएको हो । अध्ययनमा सहभागी विराट रजकका अनुसार एक वर्षअघि भएको अध्ययनका क्रममा मुदीमा तीन र दरमा सात जोडी चिरकालिज भेटिएका थिए ।

मुदीगाउँभित्रका गल्लीमा सरसफाइ, ढल व्यवस्थापन र ढुंगा बिछ्याएर चिटिक्क पारिएको छ । मुदीगाउँ र हिमाल अवलोकनका लागि वडा कार्यालयपरिसरको डाँडामा 'भ्यु प्वाइन्ट' (दृश्यावलोकन स्थल) बनाइएको छ । भ्यु प्वाइन्ट वरपरको पदमार्गमा रेलिङ राखिएको छ । करिब ३० मिनेट पैदलयात्रा गरेपछि पुगिने थलडाँडाबाट हिमालका अलावा छिमेकी बस्ती, नागबेली परेर बगेको म्याग्दी, गुर्जा र दरखोला र पहाडी भूगोलको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ ।

समुद्री सतहदेखि दुई हजार ५०० मिटरमा अवस्थित मुदीका अधिकांश घर परम्परागत शैलीका ढुंगे छन् । मुदीका करिब २५० मध्ये २० घरपरिवार दलित र तीन परिवार गुरुङका छन् । मगर समुदायको सांस्कृतिक पहिचान पुर्ख्यौली, मादले, मारुनी नाच, यानीमाया, सालैजो गीतले पाहुनालाई स्वागत गर्ने चलन छ ।

मुदीदेखि धवलागिरि चक्रीय र गुर्जा हिमाल पदयात्रामा जान सकिन्छ । यहाँको लेकमा वैशाख-जेठमा यार्सागुम्बा र असोज-कात्तिकमा च्याउ टिप्ने चलन छ । फिरन्ते शैलीमा घुम्ती गोठमा गाईभैंसीपालन गर्ने गोठालाको दिनचर्या र जीवनशैली अध्ययन गर्न सकिन्छ ।

म्याग्दी सदरमुकाम बेनीदेखि गाडीमा तीन घण्टा र मोटरसाइकलमा दुई घण्टा यात्रा गरेपछि मुदी पुगिन्छ । बेनीदेखि ४७ किलोमिटर दूरीमा रहेको मुदीका लागि आवतजावतका लागि जिप चल्छन् ।

मुदीमा पाहुना र पर्यटकलाई लक्षित गरेर घरबास (होमस्टे) सञ्चालन भएको छ । होमस्टेका सञ्चालक गौबहादुर राम्जालीले सडक यातायातको पहुँच, गाउँको फेदी भएर बग्ने गुर्जा र म्याग्दी नदीमा जलविद्युत् आयोजना निर्माण हुन थालेपछि पाहुना आउन थालेका बताए ।

'पाहुनालाई घरायसी वातावरणमा खाने, बस्ने व्यवस्था मिलाउनका लागि आठ-दश वर्षअघि बनाएर प्रयोगमा नआएको घरमा आधारभूत पूर्वाधार बनाएर होमस्टे चलाएको हो,' उनले भने, 'लोकल कुखुरा, खसीबोकाको मासु, च्याउ, टुसाको तरकारी, सिमीको दाल, कोदो, फापरको ढिँडोको स्वाद चखाउने गरेको छु ।' उक्त होमस्टेमा एक दिनमा २० देखि ३० जना सहजै बास बस्न सक्छन् ।

धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले मुदी, मुना क्षेत्रमा रेडपाण्डा, चिरकालिजजस्ता दुर्लभ वन्यजन्तु र पन्छी पाइने भएकाले पर्यापर्यटनको हिसाबले पनि सम्भावना देखिएको बताए । मुदीको पर्यटन विकासका लागि पूर्वाधार निर्माणसँगै धवलागिरि आरोहण दिवस हिमाल भएको वडा मुदीमै मनाउन नेपाल पर्यटन बोर्ड र सम्बद्ध गैरसरकारी संस्थालाई अनुरोध गरिएको उनले बताए । *रासस*


Government of Nepal
President Chure-Terai Madhesh Conservation Development Board
Programme Implementation Unit
Bharatpur, Chitwan

**Invitation for Bids**

Date of First Publication: 2082/08/28 B.S. (Dec 14, 2025 A.D.)

President Chure-Terai Madhesh Conservation Development Board, Programme Implementation Unit, Bharatpur Chitwan, invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding.

| S. N. | IFB no. | Description of Work | Bid Security NRs. | Cost of Bid doc. NRs. | Last Date of Bid Submission and Time | Estimated Amount excluding VAT & Contingencies NRs. |
|---|---|---|---|---|---|---|
| 1 | PIUChitwan/ NCB-01/ 2082/083 | Riverbank Stabilization and Management Works, Kawasoti Municipality-4, Kerunge River, Nawalparasi (Ba.Su.Pu.) | 63000.00 | 3000.00 | *2082/09/29 at 12:00 PM* | 2158241.84 |
| 2 | PIUChitwan/ NCB-2/ 2082/083 | Riverbank Stabilization and Management Works, Manahari Rural Municipality-5, Dillipur, Chauraha River, Makawanpur | 63000.00 | 3000.00 | *2082/09/29 at 12:00 PM* | 2158605.66 |
| 3 | PIUChitwan/ NCB-03/ 2082/083 | Riverbank Stabilization and Management Works, Madi Municipality-4, Khairahani, Magui River, Chitwan | 63000.00 | 3000.00 | *2082/09/29 at 12:00 PM* | 2155986.54 |
| 4 | PIUChitwan/ NCB-4/ 2082/083 | Riverbank Stabilization and Management Works, Hetauda Sub-metropolitan City-15, Karne Khola, Makawanpur | 63000.00 | 3000.00 | *2082/09/29 at 12:00 PM* | 2151583.44 |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of President Chure-Terai Madhesh Conservation Development Board, Programme Implementation Unit, Bharatpur, Chitwan or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

**Unit Chief**



**Gajuri Rural Municipality**
**Office of Rural Municipal Executive**
**Gajuri, Dhading**

**Invitation for Online Bids**

**First Date of Publication: December 14, 2025, 10:00 am**

The Office of the Rural Municipal Executive, Gajuri Rural Municipality, Gajuri, Dhading, has budgeted a portion of its funds for the implementation of activities tied to the contract mentioned here.

| Contract ID | Name of Project | Bid Security (NRs) | Fee for Bid Documents (NRs) | Deadline |
|---|---|---|---|---|
| GRM/G/ NCB/11/ 2082/083 | Procurement, Supply and Delivery of HDPE Pipes, Cement, CGI Sheets and MS Square Pipes for Gajuri Rural Municipality | 75,000/- | 3,000/- (NCB) | January 14, 2026, 12:00 pm |
| GRM/G/SQ/ 03/2082/083GRM/ G/SQ/03/2082/083 | Procurement of essiential medicines and surgical goods for Gajuri Rural Municipality | 55,000/- | 1,000/- (SQ) | December 29, 2025, 12:00 pm |

Account Details: Rastriya Banijya Bank, Gajuri Branch

| Type | Account Name | Account Number | Office Code | Rajaswa (revenue) Shirshak no. |
|---|---|---|---|---|
| For Bid document | GA-1-1 STHANIYA TAHA AANTARIK RAJASWA | 1050100301010002 | 80330503300 | 14219 |
| For Bid Security | GA-2-3 STHANIYA TAHA DHARAUTI KHATA | 1050100303000002 | 80330503300 | - |

Eligible Bidders may obtain further information at the office of Gajuri Rural Municipality, Dhading, email: ito.gajurimun@gmail.com, website: www.gajurimun.gov.np and contact no. 9851338362 or may visit PPMO website www.bolpatra.gov.np/egp . Also, visit our Facebook: www.facebook.com/gajuriruralmunicipality

**Chief Administrative Officer**



**कुवेत/बहराइनमा रोजगार**

कम्पनी : International Technical Center for General Trading & Contracting Co. शेवा शुल्क: १0,000
पूर्व स्वीकृति मिति : २०८२/०८/२२ | LT. No. 334934 | चलानी नं.६०२४८७५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaner | 174 | 0 | 85 | ४०,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Salko Management Wll शेवा शुल्क: १0,000
पूर्व स्वीकृति मिति : २०८२/०८/२२ | LT. No. 334891 | चलानी नं.६०२४८७५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping Cleaner | 0 | 2 | 100 | ३८,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office Assistant | 0 | 2 | 150 | ५७,४९३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: फेवा ईन्टरनेशनल ट्रेनिङ सेन्टर वडा नं. ७, जनकपुरधाम धनुषामा मिति: २०८२ पुस ०६ गते (21th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80

### झुमाको 'कर्नाली सलल'

बहुचर्चित गीत 'काफ्ले'की गायिका झुमा लिम्बूको नयाँ गीत सार्वजनिक भएको छ । 'कर्नाली सलल' बोलको गीत झुमाले आफ्नै युट्युब च्यानलमार्फत सार्वजनिक गरेकी हुन् । कर्णाली प्रदेशको स्थानीय लवजमा रहेको गीत स्थानीय परिवेशलाई समेट्दै प्रेममा केन्द्रित छन् । उमेरमै माया-प्रेम र घरबार बसाएको राम्रो भन्ने प्रेमिल गीतको मुख्य आकर्षण भनको आञ्चलिक लय हो । कर्णालीका स्थानीयले बोल्ने शब्द प्रयोग गरिएको र सोही क्षेत्रको टोन रहेको गीतले बोलचाल र हासखेल गर्नु नै राम्रो रहेको बताउँछ ।





# देशका विभिन्न १० स्थानमा गुञ्जँदै प्रकाश सपुत



■ प्रभाव संवाददाता

**काठमाडौं–** कलाकार प्रकाश सपुतले देशका बिभिन्न स्थानमा 'प्रकाश सपुत मेला यात्रा २०८२' गर्ने भएका छन् । २ वर्ष पछि पुनः स्टेज कार्यक्रममा फर्किएका उनले एनसेल फाउन्डेसनसँगको सहकार्यमा सांगीतिक यात्रा गर्ने भएका हुन् ।

यस सिजनका लागि देशका १० स्थानमा मनोरञ्जन, सेवा र सामाजिक सन्देशसहित गायक सपुत र डान्सर समूहले विशेष कार्यक्रम प्रस्तुत गर्ने गरी कार्यक्रम परिकल्पना गरिएको दिल शिरीषले बताए ।

'सपुतले अरु कार्यक्रममा जस्तै गीत त गाउने नै छन् तर, यसपटक गीत मात्रै गाउने छैनन्, उनी स्वयमले पर्फमेन्स पनि गर्नेछन्', सपुतका अधिकांश प्रोजेक्टमा सहकार्य गरेका शिरीषले भने, 'उनीसँगै नृत्यकारको समूहले गीतको भावना र मर्म अनुसार अभिनय र नाच मञ्चमा प्रस्तुत गर्नेछन् ।'

'स्टोरी टेलिङ'को नवीनतम अवधारणामा यो कार्यक्रमले दर्शकलाई पृथक अनुभूति हुने गायक सपुत र टिमको विश्वास छ । यसले टिकट काटेर महोत्सवमा आउने दर्शकलाई लाइभ कार्यक्रमको जिवन्त अनुभूति प्रदान गर्ने जनाइएको छ ।

फिल्म 'पूर्णबहादुरको सारंगी' हिट भए पछि लगातार एकपछि अर्को फिल्ममा अभिनय गरेका सपुत लोकसंगीतमा पनि निकै रुचाइएका कलाकार हुन् ।

औषत मानिएको चलचित्र 'वसन्त' बनाएका उनले केही महिना अघि प्रदर्शित फिल्म हरिबहादुरको जुत्ता, माइतीघर, सोल्टिनीमा अभिनय गरेका थिए । उनीद्धारा अभिनित चलचित्र मिरमिरे, परालको आगो प्रदर्शनको तयारीमा छन् ।

लोकसंगीतको कुरा गर्दा ७० मिलियन पटक हेरिएको गलबन्दी, ७१ मिलियन पटक हेरिएको सकम्बरी, ४८ मिलियन पटक हेरिएको बुझिन मैले, ४७ मिलियन पटक हेरिएको कुरा बुझ्नुपर्छ, ३० मिलियन पटक हेरिएको दोहोरी ब्याटल होस्, २५ मिलियन पटक हेरिएको बोल माया जस्ता बिभिन्न रेकर्ड राख्न सफल गीत छन् ।

डेढ घण्टाको कार्यक्रमका लागि सपुतसहित डान्सर, सहयोगी लगायतको १२ भन्दा बढीको टिम हुनेछ । यसलाई प्रकाश सपुत एन्ड टिम ब्यान्डको रूपमा ब्रान्डिङ गर्ने सपुत बताउँछन् ।

# शाह र कोमल नेपालीको 'स्याउली बजारमा'

■ प्रभाव संवाददाता



**काठमाडौं–** पछिल्लो समय चर्चामा रहेका गायक बिशाल सोनी र शान्तारानी परियारको स्वरमा नयाँ गीत सार्वजनिक गरिएको छ । बिशाल र शान्तारानी दुबैजना चर्चामा आएको धेरैसमय भएको छैन । यद्यपी उनीहरूको सांगितीक क्षेत्रको संघर्ष दशक बढी छ ।

विशालको नेपाली सांगितीक क्षेत्रमा दशक माथीको अनुभव छ । उनलाई ७ महिना अघिको 'मकै बारी दर्याम दर्याम' गीतले चर्चामा ल्याइदियो । यस्तै गायिका शान्तारानी परियारलाई १ बर्ष अघिको 'मत ढले ढले' गीतले चर्चामा ल्याइदियो । यि दुबै गायक र गायिकालाई दर्शकले पछिल्लो समय निकै रुचाइरहेका छन् ।

अहिले भर्खर 'तानातान हानाहान स्याउलि बजारमा' बोलको गीत सार्वजनिक गरिएको छ । बिशाल र शान्तारानीको स्वर रहेको यो गीतको हुकलाइन पनि बिशालकै छ । शब्द भने अर्का लोकप्रिय गीतकार नेत्र अर्यालको छ । गीतमा नन्दु परियारले संगीत दिएका छन् । एरेन्ज एचबिएन किस्मतको छ ।

गीतको भिडियोको कुरा गर्दा रमाइलो बनाइएको छ । साथै नेपाली चलचित्र क्षेत्रका लोकप्रिय नायक तथा म्युजिक भिडियोका डिमाण्डेड पल शाहले नाचेका छन् । उनलाई मोडल कोमल नेपालीले साथ दिएकी छिन् । मोडल कोमलले यसअघि केहि म्युजिक भिडियोमा काम गरिसकेकी छिन् । यसअघिको अनुभवले पनि अहिलेको गीतमा निकै मिहिनतका साथ काम गरेको कोमलले बताएकी छिन् । साथै उनले पल शाहसँग काम गर्न पाउँदा खुसी ब्यक्ति गरेकी छिन् । भिडियोमा गायक बिशालले पनि मोडलिङ गरेका छन् । नवराज उप्रेतीले खिचेको भिडियो मिलन बिश्वकर्माले सम्पादन गरेका हुन् । भिडियो मौसम हिमालीले निर्देशन गरेका हुन् ।

# 'एक्लो'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** चलचित्र 'एक्लो'को ट्रेलर सार्वजनिक गरिएको छ । राजधानीमा आयोजित विशेष कार्यक्रमकाबिच सार्वजनिक ट्रेलरमा चलचित्रको विषयवस्तु झल्काउन खोजिएको छ । चलचित्रले खतरनाक भाइरसले गर्दा सन् २०३० सम्म मानिसले पृथ्वी ग्रह छाड्ने भविष्यको एक काल्पनिक कथा भनेको छ । त्यसको ६० वर्षपछि बेलायती अन्तरिक्ष यात्री ज्याक (बेकन) आफ्ना साझेदारसँग हिमालय क्षेत्रमा क्रास-ल्यान्डिङ गर्छन् ।

ट्रेलरमा अभिनेता प्रदीप खड्का, विजय लामा अहिलेसम्मकै फरक अवतारमा देखिएका छन् भने अभिनेत्री कविता नेपाली एक्सन अवतारमा प्रस्तुत भएकी छन् । नेपालमा निर्माण भएको यो पहिलो साइन्स फिक्सन चलचित्र पनि हो । फिल्ममा प्रदीप खड्का, विजय लामा, कविता नेपाली, बेनिशा हमाल, सुरजसिंह ठकुरी, एवनराज उप्रेती, दीया पुन, सुनिल थापा, दिनेश डीसी लगायतको अभिनय छ । फिल्मका कार्यकारी निर्माता विनोद सुवेदी खत्री हुन् ।

सन् २०२५ को कान्स फिल्म फेस्टिभलमा समेत उपस्थिति जनाएको चलचित्र आगामी १७ पुस अर्थात १ जनवरी, २०२६ मा सार्वजनिक प्रदर्शनमा आउँदैछ । चलचित्रमा बेलायती अभिनेता जेमी बेकनको पनि अभिनय देख्न सकिन्छ । फिल्ममा बेकनले बेलायती अन्तरिक्षयात्रीको भूमिका निर्वाह गरेका छन् । काभ्रेको पनौती र हिमालपारिको जिल्ला मुस्ताङमा छायाङ्कन गरिएको फिल्मको केही सिरिजनै आउने बताइन्छ । फिल्म शाई प्रोडक्सन्स नेपालको ब्यानरमा निर्माण भएको हो ।



# शिभालीलाई दोहोरो उपाधि

**कास्की (प्रस)–** पोखरामा आयोजना गरिएको 'आइटिएफ वर्ल्ड टेनिस टुर सर्किट-२' प्रतियोगितामा नेपालकी शिभाली गुरुङले दोहोरो उपाधि जितेकी छन् । पोखरामा सम्पन्न सर्किट २ को 'गर्ल्स एकल'तर्फको फाइनलमा ताइपेइकी के-ची सुलाइ सोझो सेटमा पराजित गरी उनले उपाधि हात पारेकी हुन् । पहिलो सेट ६-२ ले जित्दै ताइपेइकी खेलाडीलाई दबाबमा राख्न सफल उनले दोस्रो सेटमा पनि दबदबा कायम गर्दै ६-१ ले जितिन् ।

शिभालीले यसअघि सर्किट १ को उपाधिसमेत आफ्नो पोल्टामा पारेकी थिइन् । उनले १४ वर्षको उमेरमा 'गर्ल्स सिंगल्स' र 'डबल्स'मा सर्किट १ र २ मा दोहोरो उपाधि जितेर इतिहास रच्दै ७५ अङ्कसमेत बटुल्न सफल भएकी हुन् । यसैगरी 'गर्ल्स डबल्स'मा पनि शिभाली र ताइपेईकी के-ची सुको जोडीले फाइनलमा भारतकी तेजस्वी मन्नेनी र न्यूजिल्यान्डकी बोइदेही उकिललाई ६-२ ६-१ ले सोझो सेटमा पराजित गर्दै उपाधि आफ्नो पक्षमा पारेका थिए ।

'ब्वाइज सिंगल्स'मा ताइपेइका नं १ सिडिङ खेलाडी टिङ हो याङले जितेका छन् । १-१ सेटको बराबरीमा रहेको फाइनल खेलमा कोरियाली खेलाडी युल हो जुङ रिटायर्ड हर्ट हुँदै कोर्टबाट बाहिरिएका थिए ।

# नेपाल श्रीलंकासँग पराजित

**काठमाडौं (प्रस)–** एसिसी यु-१९ एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत शनिबार भएको पहिलो खेलमा नेपाल श्रीलंकासँग ८ विकेटले पराजित भएको छ । दुबईको द सेभेन्स रंगशाला भएको खेलमा नेपालले श्रीलंकालाई जितको लागि ८३ रनको लक्ष्य दिएको थियो । श्रीलंकाले १४ दशमलव ५ ओभरमा दुई विकेट गुमाएर लक्ष्य पूरा गरेको हो ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपाल २८.५ ओभरमा सबै विकेट गुमाउँदै ८२ रनमा समेटिएको थियो । समूह 'बी' मा रहेको नेपालले आगामी सोमबार बंगलादेशसँग खेल्नेछ । यही मङ्सिर २६ गतेदेखि सुरू भएको उक्त प्रतियोगितामा नेपालसहित बंगलादेश, श्रीलंका, अफगानिस्तान, भारत, पाकिस्तान, युएई र मलेसिया सहभागी छन् ।


**धनगढी उपमहानगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

प्रकाशित मिति: २०८२/०८/२८

उपरोक्त विषयको सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०६/२७ गतेका दिन तपसिल बमोजिमका कार्यका लागी प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावहरुको मूल्यांकनमा सारभूत रुपले प्रभावग्राही भएका तपसिलका बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/०९/०६ (21-Dec-2025) गते बिहान ११:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (चौधौ संशोधन समेत) को नियम ३१ज को उपनियम (५) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| **ठेक्का नं: 21/DSMC/2082/083 (Construction of RCC Motorable Bridge (Span 1X18) on Kailali Khola Near Rastriya Aadharbhut School on the way to Shivapuridham Ward No. 04 & 05 DSMC)** | **ठेक्का नं: 22/DSMC/2082/083 (Construction of RCC Motorable Prestress Bridge (Span 1X35) on Saurata Khola Ward No. 17 DSMC)** |
|---|---|
| १. श्री प्रेम डेभलपर्स ग्रुप प्रा. लि. धनगढी, कैलाली<br>२. श्री किरण- तेडी जे. भी. धनगढी, कैलाली<br>३. श्री सिद्धनाथ- डी. एस.- सरस्वती जे. भी. नवदुर्गा, डडेल्धुरा<br>४. श्री स्वाँर कन्स्ट्रक्सन प्रा. ली. रिडीकोट, अछाम<br>५. श्री एम. बी. ए.- बेरीटेक- राजधानी जे. भी. धनगढी, कैलाली<br>६. श्री एस. ए. एस- तपस्वी जे. भी. पोखरा, कास्की<br>७. श्री अशु- भैरव- गोरिल जे. भी. धनगढी, कैलाली<br>८. श्री जशलिंग- मुनाल- खप्तड जे. भी. धनगढी, कैलाली<br>९. श्री साउद- मिनु जे. भी. धनगढी, कैलाली | १. श्री मित्र विल्डर्स प्रा.लि. महेन्द्रनगर, कन्चनपुर<br>२. श्री धुर्वतारा निर्माण सेवा धनगढी, कैलाली<br>३. श्री स्वाँर कन्स्ट्रक्सन प्रा. ली. रिडीकोट, अछाम<br>४. श्री मणिलेक निर्माण सेवा प्रा. ली. धनगढी, कैलाली<br>५. श्री एस. ए. एस- सत्य जे. भी. धनगढी, कैलाली |

**प्रमुख प्रशासकीय अधिकृत**



**हिम स्टार उर्जा कम्पनी लिमिटेड**

**Him Star Urja Company Limited**

रजिष्ट्रार कार्यालय : का.म.न.पा. वडा नं. ०७ गौरीघाट, काठमाण्डौ, फोन: ०१-४५९३७३३
इमेल: urjahimstar@gmail.com वेवसाइट: www.urjahimstar.com.np

को

**लक इन (Lock In) अवधि समाप्त हुने बारेको सूचना**

यस हिम स्टार उर्जा कम्पनी लिमिटेडको सामुहिक लगानी कोषहरुको लागि सुरक्षित गरिएको शेयर सर्वसाधारणमा शेयर बाँडफाँड भएको मितिले छ महिनासम्म लक-इनमा राखिएको व्यहोरा जानकारी गराउंदछौं । नेपाल धितोपत्र बोर्डको मिति २०८०/०८/२५ गते, पत्र संख्या: ८०/८१, चलानी नं. १५२३ को पत्रबाट निर्देशन भए बमोजिम यस कम्पनीको तपसिलमा उल्लेखित शेयरको **मिति २०८२/१०/०१ गते पश्चात्** लक-इनको अवधि समाप्त हुने व्यहोरा सम्पूर्ण लगानीकर्ता तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| लक-इन अवधि समाप्ती हुने शेयरको विवरण | लक-इनमा रहेको शेयर संख्या |
|---|---|
| सामुहिक लगानी कोषको लागि सुरक्षित गरिएको शेयर | ४६,६२५ कित्ता (रु.१००/- अंकित दरका) |

**शेयर रजिष्ट्रारः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**

ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं

फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८

Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com



**चन्दननाथ नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**खलङ्गा बजार, जुम्ला**

**कर्णाली प्रदेश, नेपाल**

**शिलबन्दी दरभाउ पत्र माग गरिएको बारे**

प्रकाशित मिति: २०८२/०८/२८

प्रस्तुत बिषयका यस चन्दननाथ नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूको लागि आ.व. २०८२/०८३ मा नेपाल सरकारद्धारा शसर्त अनुदान आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद कार्यक्रम बमोजिम यस चन्दननाथ नगरपालिका अन्तर्गत संन्चालित स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह गर्नको लागि यस आ.व.मा आवश्यक औषधि खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र तपशिल बमोजिमका औषधि तथा सामाग्रीहरूको शिलबन्दी दरभाउ पत्र माग गरिएको हुदाँ आफ्नो आवश्यक कागतजात फर्मको कर चुक्ता, नागरिकताको प्रतिलिपि, औषधि व्यवस्था विभागको अनुमति पत्र सहित यस नगरपालिकाको स्वास्थ्य शाखामा आफनो औषधिको दिन सक्ने दर रेट सहित शिलबन्दी दरभाउ पेश गर्नका लागि अनुरोध गरिन्छ ।

**क्षेत्र बहादुर बुढथापा**

**(प्रमुख प्रशासकीय अधिकृत)**

सम्पर्क नम्बर: ९८४८३०६७७२/Email Address: chhatramahat2013@gmail.com

# ट्रम्पको मध्यस्थतापछि पनि थाइल्याण्ड–कम्बोडिया तनाव कायमै



**बुरीराम, थाइल्याण्ड–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले थाइल्याण्ड र कम्बोडियाबीच युद्धविराममा सहमति भएको घोषणा गरे पनि थाइल्याण्डले कम्बोडियाविरुद्ध सैन्य आक्रमण जारी राख्ने स्पष्ट पारेको छ ।

थाइल्याण्ड र कम्बोडियाबीचको झडप औपनिवेशिककालमा तय गरिएको करिब ८०० किलोमिटर लामो सीमासम्बन्धी विवादका कारण यस महिनादेखि पुनः चर्किएको हो । यस द्वन्द्वका कारण दुवै देशमा गरी करिब पाँच लाख मानिस विस्थापित भएका छन् भने पछिल्लो सातामात्र कम्तीमा २० जनाको मृत्यु भएको छ ।

शनिबार थाइल्याण्डका प्रधानमन्त्री अनुटिन चार्नभिराकुलले आफ्नो देशको भूमि र जनताको सुरक्षामा खतरा कायमै रहेसम्म सैन्य कारबाही रोकिने सम्भावना नरहेको बताए । बैंककस्थित संयुक्त प्रेस केन्द्रका अनुसार थाइ सेनाले बिहान ५:५० बजे कम्बोडियाली सैन्य लक्ष्यहरूविरुद्ध प्रतिशोधात्मक आक्रमण गरेको थियो ।

कम्बोडियाले थाइ लडाकु विमानहरूले आफ्ना भूभागमा बम खसालेको आरोप लगाएको छ । यसबारे प्रतिक्रिया दिँदै थाइ नौसेनाका प्रवक्ताले द्वन्द्व क्षेत्रमा हतियार ढुवानी गर्न प्रयोग हुँदै आएका कम्बोडियाका दुई पुल ध्वस्त पारिएको जानकारी दिए ।

शुक्रबार राष्ट्रपति ट्रम्पले थाइल्याण्डका प्रधानमन्त्री अनुटिन र कम्बोडियाका प्रधानमन्त्री हुन मानेटसँग भएको फोनवार्तापछि दुवै देशले तत्काल गोलीबारी रोक्ने सहमति गरेको दाबी गरेका थिए । तर दुवै पक्षले युद्धविराम उल्लंघनको आरोप एक-अर्कामाथि लगाइरहेका छन् ।

कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले आफ्नो देश शान्तिपूर्ण उपायमार्फत समस्या समाधानमा प्रतिबद्ध रहेको बताएका छन् भने कम्बोडियाका सूचनामन्त्रीले थाइ सेनाले नागरिक पूर्वाधार र सर्वसाधारणलाई लक्षित गरी आक्रमण गरेको आरोप लगाएका छन् । थाइ वायुसेनाले भने निर्दोष नागरिकलाई क्षति नपुग्नेगरी उच्च सटिक हतियार प्रयोग गरिएको दाबी गरेको छ ।

यसअघि अमेरिका, चीन र आसियान अध्यक्ष मलेसियाको मध्यस्थतामा जुलाईमा युद्धविराम भएको थियो । तर सीमामा बारुदी सुरुङ विष्फोटमा थाइ सैनिक घाइते भएपछि नोभेम्बरमा उक्त सम्झौता स्थगित गरिएको थियो । सीमावर्ती क्षेत्रबाट विस्थापित एक थाइ नागरिकले शान्ति प्रयासप्रति आशंका व्यक्त गर्दै कम्बोडियामाथि अब विश्वास गर्न गाह्रो भएको बताएका छन् । *रासस/एएफपी*

## थाई सेनाद्वारा कम्बोडियाको रकेट आक्रमणको निन्दा

**बैंकक–** रोयल थाई आर्मी (आरटिए)ले कम्बोडियाले थाइल्याण्डको सिसाकेट प्रान्तको नागरिक क्षेत्रलाई लक्षित गरी 'बिएम-२१' रकेट प्रहार गर्दा चारजना घाइते भएको बताउँदै घटनाको निन्दा गरेको छ ।

सामाजिक सञ्जालमा जारी गरिएको विज्ञप्तिमा हवाई आक्रमणको चेतावनी सुनेपछि स्थानीय बासिन्दाहरू सुरक्षित आश्रयमा भाग्दै गर्दा आक्रमण भएको जनाइएको छ । आरटिएले आक्रमणको कडा निन्दा गर्दै यो घटनाले सैन्य कारबाहीसँग सम्बन्धित नभएका नागरिक क्षेत्रहरूलाई लक्षित गरी कम्बोडियाले हतियार प्रयोग गरेको स्पष्ट प्रमाण भएको बताएको छ ।

शनिबार जारी आधिकारिक विज्ञप्तिमा देशको सेनाले थाइल्याण्ड-कम्बोडिया सीमामा आफ्नो अपरेसनहरू कडाइका साथ विश्वव्यापी सिद्धान्तहरूअन्तर्गत रहेको र थाइल्याण्डको सुरक्षा तयारी, क्षमता रक्षा र स्थिति नियन्त्रणका लागि कायम रहेको बताएको छ ।

वक्तव्यमा थाई अधिकारीहरूले द्वन्द्व बढाउने वा नागरिकहरूलाई धम्की दिने अभिप्रायविना आफ्ना जनताको रक्षा र राष्ट्रिय सुरक्षा गर्ने अपरेसनको प्राथमिक लक्ष्य रहेको कुरामा जोड दिएका छन् । विज्ञप्तिमा थाई जनताको सुरक्षा र महत्त्वपूर्ण पूर्वाधारलाई असर गर्ने अवस्था उत्पन्न भएपछि थाइल्याण्ड सीमित दायरा, लक्ष्य र खतरा समाप्त गर्न आवश्यक बल प्रयोग गर्ने प्रतिरोधात्मक उपायहरू लागू गर्न बाध्य भएको जनाइएको छ । *रासस/सिन्हवा*

# सुरक्षा परिषद्द्वारा युवाहरूको नेतृत्वमा शान्ति निर्माण प्रस्ताव पारित



**संयुक्त राष्ट्र–** संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले शुक्रबार युवा वर्ग, शान्ति र सुरक्षासम्बन्धी प्रस्ताव एकमतपूर्वक पारित गरेको छ । यस प्रस्तावले युवाहरूको शान्ति प्रक्रिया, द्वन्द्व रोकथाम, शान्ति निर्माण, पुनर्निर्माण र उद्धारमा सक्रिय सहभागिता र नेतृत्व बढाउने उपायहरूबारे सबै सम्बन्धित पक्षलाई विचार गर्न आह्वान गरेको छ ।

प्रस्तावले सदस्य राष्ट्रहरूलाई आफ्ना राष्ट्रिय कार्ययोजना युवा वर्ग, शान्ति र सुरक्षा सम्बन्धमा अपनाउन वा पहिलेका योजना सुदृढ गर्न प्रोत्साहित गरेको छ । यसले विशेषगरी युवाहरूको नेतृत्वमा हुने शान्ति निर्माण पहलहरूलाई समर्थन गर्न जोड दिएको छ ।

सुरक्षा परिषद्ले यस प्रस्तावमार्फत युवा वर्ग, शान्ति र सुरक्षा एजेण्डालाई आफ्नो कार्यमा निरन्तर विचार गर्ने निर्णय पनि गरेको छ । साथै परिषद्ले यस विषयमा विशेषज्ञ तहमा छलफल गर्न सदस्य राष्ट्रहरूलाई सुझाव दिएको छ, ताकि युवाहरूको सहभागिता अझ प्रभावकारी र दिगो बन्न सकोस् ।

सुरक्षा परिषद्का अधिकारीहरूले युवाहरूको नेतृत्वमा सहभागिता द्वन्द्व र हिंसालाई रोक्न, शान्ति निर्माणमा निरन्तरता राख्न र स्थानीयस्तरमा सामाजिक स्थायित्व कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताएका छन् । प्रस्ताव पारित भएपछि परिषद्ले युवासँग सम्बन्धित कार्यक्रम र पहलहरूमा थप निगरानी र सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।

संयुक्त राष्ट्रले यस प्रस्तावको माध्यमबाट युवाहरूको सशक्तीकरण, शान्ति निर्माणमा उनीहरूको सक्रियता र दीर्घकालीन स्थायित्व कायम राख्ने दिशा स्पष्ट पारेको छ । *रासस/सिन्हवा*

# अमेरिकामा मौसमी फ्लु प्रकोपः अस्पताल भर्ना र मृत्युको संख्या बढ्दो

**लस एञ्जलस–** अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रका पछिल्लो अनुमानअनुसार हाल मौसमी फ्लुका कारण संयुक्त राज्य अमेरिकामा करिब २९ लाख व्यक्ति संक्रमित भएका छन्, जसमा ३० हजार जना अस्पताल भर्ना भएका छन् भने एक हजार २०० जनाको मृत्यु भएको छ ।

केन्द्रका अनुसार मौसमी इन्फ्लुएञ्जा देशका अधिकांश भागमा बढ्दो क्रममा छ र यस सिजनमा इन्फ्लुएञ्जा ए (एच३एन२) प्रमुख भाइरसको रूपमा फैलिरहेको छ । छ डिसेम्बरसम्मको हप्तामा अमेरिकी सार्वजनिक स्वास्थ्य प्रयोगशालाहरूले राष्ट्रव्यापीरूपमा ५४७ इन्फ्लुएञ्जा भाइरस पत्ता लगाएका छन् । यसै हप्तामा यस सिजनको पहिलो बालबालिका मृत्युसँग सम्बन्धित फ्लुको रिपोर्ट पनि आएको छ ।

केन्द्रले विशेषगरी छ महिनाभन्दा माथिका व्यक्तिलाई वार्षिक फ्लु खोप लगाउन सिफारिस गरेको छ । त्यसैगरी, केन्द्रका अनुसार फ्लु उपचारका लागि केही औषधिहरू उपलब्ध छन् । यी औषधिहरू समयमै सुरु गर्दा सबैभन्दा प्रभावकारी हुन्छन् र विशेषगरी ती व्यक्तिहरूका लागि महत्त्वपूर्ण छन्, जसलाई गम्भीर फ्लु-सम्बन्धित जटिलता हुने जोखिम बढी हुन्छ । *रासस/सिन्हवा*


**Government of Nepal**
**Fisheries Human Resource Development and Technology Validation Centre**
**Janakpurdham, Dhanusha**

**Invitation For Electronic Bids**

**(Date of First Publication: 2082/08/28)**

FHRDTVC Janakpurdham invites electronic bids (e-bidding) from eligible bidders for the following works under National Competative Bidding (NCB) procedures specified in the Public Procurement Act, 2063 and regulations 2064. Bidders may obtain further information and inspect the Bidding documents from the PPMO web portal www.bolpatra.gov.np/epg.

| Contract No. | Description of Works | Estimate (Exclusive of VAT & PS items) | Bid Security | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| FISHERIES/JNK/NCB/WORKS/001/2082/083 | Construction of Boundry wall | 63,17,986.68 | 1,60,000.00 | 3,000.00 |
| FISHERIES/JNK/NCB/WORKS/002/2082/083 | Construction of Sub-surface feeding canal | 21,06,029.08 | 55,000.00 | 3,000.00 |

**Senior Fisheries Development Officer**


# इण्डोनेसियाको बाढीमा ज्यान गुमाउनेको संख्या हजार नाघ्यो



**जकार्ता–** इण्डोनेसियाको सुमात्रा टापुका तीन प्रान्तमा आएको बाढी र पहिरोबाट ज्यान गुमाउनेको संख्या एक हजार नाघेको उल्लेख गर्दै २१८ जना अझै बेपत्ता रहेको इण्डोनेसियाको विपद् व्यवस्थापन एजेन्सी (बिएनपिबी)ले शनिबार जनाएको छ । एजेन्सीका अनुसार विपत्तिले मानवीय तथा पूर्वाधारमा व्यापक क्षति पुऱ्याएको छ भने उद्धार कार्य अझै जारी रहेको छ ।

बिएनपिबीको तथ्यांकअनुसार करिब एक हजार २०० सार्वजनिक सुविधाहरूका साथै २१९ स्वास्थ्य सुविधा, ५८१ शैक्षिक सुविधा, ४३४ मन्दिर, २९० कार्यालय भवन र १४५ पुलहरू क्षतिग्रस्त भएका छन् । यसैबीच, इण्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबिआन्तोले शुक्रबार आचेहको विपद् प्रभावित क्षेत्रहरूको भ्रमणका क्रममा सरकारले समुदायको विभिन्न आधारभूत आवश्यकताहरू पूरा गर्न काम गरिरहेको बताएका छन् । विपद्को समयमा सबैले मिलेर स्थितिमा सुधार गर्ने आशा व्यक्त गर्दै सरकारले आवाश्यक सहयोग गर्ने प्रबोवोले बताएका छन् ।

उनले सबै नागरिकहरूलाई स्थिर रहन र सामान्यीकरणको प्रक्रियामा आफ्नो उत्साह कायम राख्न आह्वान गर्दै बालबालिकाका लागि पढाइ र सिकाइलगायत सामुदायिक गतिविधिहरू चाँडै सामान्य अवस्थामा फर्कन सक्ने आशा व्यक्त गरेका छन् । *रासस/सिन्हवा*


**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

***प्रकाशित मिति : २०८२/०८/२८ गते***

यस कार्यालयद्वारा प्रकाशित मिति २०८२/०६/२७ गतेको सूचना अनुसार Katari Buspark Upgradation and Land Protection Works सम्बन्धी बोलपत्र आह्वान भएकोमा दर्ता हुन आएका बोलपत्रहरू मध्ये तल उल्लेख भएको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैलाई जानकारीको लागि ७ (**सात**) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**छनोट भएको बोलपत्रदाताको विवरण :**

| सि. नं. | बोलपत्र नं. | कार्यको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रू. (भ्याट र पि.एस.सहित) |
|---|---|---|---|---|
| १. | KMUN/W/NCB/03/082/83 | Katari Buspark Upgradation and Land Protection Works | Aaryan-MR-Adhikari JV Katari-3,Udayapur | 2,53,69,941.30 |

**प्रमुख प्रशासकीय अधिकृत**


# अस्ट्रेलियामा १६ वर्षमुनिका लागि सामाजिक सञ्जालमा कडाइ, ७९ प्रतिशत समर्थन

**मेलबर्न–** अस्ट्रेलियामा धेरै मानिसले संघीय सरकारले लगाएको १६ वर्षमुनिका बालबालिकाको सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्धलाई समर्थन गरेका छन् ।

मोनाश विश्वविद्यालयको तर्फबाट रोय मोर्गन रिसर्चले एक हजार ५९८ जनामा गरेको सर्वेक्षणअनुसार ७९ प्रतिशतले यस प्रतिबन्धलाई समर्थन गरेका छन् । यो प्रतिबन्ध बुधबारदेखि लागू भएको हो ।

उमेर समूहअनुसार समर्थन फरक देखियो । १८-२४ वर्षका युवाहरूमा समर्थन ७२ प्रतिशत रहेको छ भने ५०-६४ वर्षका बीच ८० प्रतिशत र ६५ वर्षमाथिका समूहमा ८७ प्रतिशत पुगेको छ । मोनाश विश्वविद्यालयका प्रोफेसर मार्क आन्द्रेभिकका अनुसार, 'यो प्रतिबन्ध मुख्यतया केही शक्तिशाली विदेशी प्लेटफर्मलाई लक्षित गरेको हो, जसले युवा प्रयोगकर्तालाई ट्र्याक गरेर विज्ञापनमार्फत लाभ उठाउँछन् ।' उनका अनुसार यी एपहरूले युवा प्रयोगकर्तालाई अनियमित विज्ञापन, गलत सूचना र मनोवैज्ञानिकरूपमा प्रभावित गर्ने एल्गोरिदममार्फत शोषण गर्ने आरोपमा छन् ।

समर्थकहरूले यस प्रतिबन्धले युवाको मानसिक स्वास्थ्य, धम्की, चरमपन्थी सामग्री, गलत सूचना र यौन अपराधीबाट हुने जोखिम घटाउने बताएका छन् । विरोधकहरूले भने यसले अभिभावक अधिकारमा हस्तक्षेप गर्ने र सामाजिक जडानमा बाधा पुऱ्याउने आरोप लगाएका छन् । यो कदमले दुईपक्षीय समर्थन पाएको छ र विश्वव्यापी ध्यान आकर्षित गरेको छ, किनभने अन्य देशहरू पनि समान कानुन विचार गरिरहेका छन् ।

तर, रेडिटले उच्च अदालतमा चुनौती दायर गरेको छ । यसले आफ्नो प्रौढ प्रयोगकर्ता केन्द्रित फोरमहरूमा प्रतिबन्ध लागू नहुने तर्क गरेको छ । गत महिना, दुई जना १५ वर्षीय अस्ट्रेलियाली किशोरहरूले पनि उच्च अदालतमा संवैधानिक चुनौती दायर गरेका थिए । नयाँ कानुनअनुसार प्रभावित प्लेटफर्महरूले १६ वर्षमुनिका प्रयोगकर्ताले खाता सिर्जना गर्न वा पहुँच गर्न नदिने उचित कदम चाल्नुपर्ने छ । *रासस/सिन्हवा*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २५६६०० | प्रति तोला - ० | प्रति तोला - ३९०५ |



**तोरीबारीमा फोटोसेसन** | नवलपुरको बौंदीकाली-३ रकुवाको छेर्माकुनस्थित बारीमा पहेंलै देखिएको तोरीबारीमा तस्बिर खिचाउँदै एक आन्तरिक पर्यटक । नवलपुरको पहाडी क्षेत्रमा पर्ने रकुवाको यस भेग खेतीपातीका लागि उपयुक्त स्थान मानिन्छ । *तस्बिरः सुन्दर पाण्डे/प्रभाव*

# उपदान कोषको रकम लगानी गर्दै राष्ट्र बैंक

■ प्रभाव संवाददाता



**काठमाडौं-** नेपाल राष्ट्र बैंकले उपदान तथा पेन्सन कोषमा रहेको रु छ अर्ब ६० करोड बराबरको रकम बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ ।

केन्द्रीय बैंकले सूचना प्रकाशित गरी आफूले लिन चाहेको रकम र व्याजदर समेत प्रस्ताव गरी आवेदन पेस गर्न आग्रह गरेको छ । केन्द्रीय बैंकले एक बर्षका लागि लगानी गर्न लागिएकाले यही मङ्सिर २९ गतेभित्र ब्याजदर प्रस्ताव गर्न आग्रह गरेको छ । राष्ट्र बैंकले 'क' वर्गका वाणिज्य बैंकमा रु पाँच अर्ब २८ करोड, 'ख' वर्गका विकास बैंकमा रु ९९ करोड र 'ग' वर्गका वित्त कम्पनीमा रु ३३ करोड बराबर लगानी गर्न लागिएको सूचनामा उल्लेख छ ।

बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा दुई बर्ष पूरा भएको, तोकिएको न्यूनतम कुल कर्जा पूँजी कोष कायम भएको, निष्क्रिय कर्जा कूल कर्जा सापटीको आठ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात तीन प्रतिशत ननाघेकोलगायतका शर्त पूरा गरेको हुनुपर्नेछ ।

त्यसैगरी केन्द्रीय बैंकले कर्मचारी सुरक्षण कोषमा रहेको रु एक अर्ब बराबरको रकम बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ । एक वर्षका लागि लगानी गर्न लागिएको उक्त रकमको व्याजदरसहित प्रस्ताव गर्न सूचनामा आग्रह गरिएको छ ।

सूचनाअनुसार 'क' वर्गका वाणिज्य बैंकमा रु ८० करोड, 'ख' वर्गका विकास बैंकमा रु १५ करोड र वित्त कम्पनीमा रु पाँच करोड बराबर लगानी गर्न लागिएको हो । यही मङ्सिर २८ गतेसम्म आवश्यक कागजात र विवरणसहित निवेदन दिन केन्द्रीय बैंकले आग्रह गरेको छ ।

# मुदीखोला जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माण सुरु

■ प्रभाव संवाददाता

**म्याग्दी-** म्याग्दीको धौलागिरि गाउँपालिका-४ मा १४ मेगावाट क्षमताको मुदीखोला जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माण सुरु भएको छ ।

म्याग्दी र गुर्जाखोलाको दोभानमा धौलागिरि गाउँपालिका-४ का वडाध्यक्ष यामबहादुर घर्तीले पहुँचमार्ग निर्माण कार्यको सुरुआत गरेका हुन् । दोभानदेखि अर्चेको फेदीमा रहने बाँध निर्माणस्थलसम्म आठ किलोमिटर पहुँचमार्ग निर्माण गर्न थालिएको प्रवर्द्धक कम्पनी एभरेष्ट इनर्जी एण्ड इन्फ्रास्ट्रचरले जनाएको छ ।

प्रवर्द्धक कम्पनीका सम्पर्क व्यक्ति राम केसीले विद्युत्गृहदेखि बाँध रहने स्थानसम्म पहुँचमार्ग पुऱ्याएपछि सिभिल ठेकेदारमार्फत बाँध, सुरुङ र विद्युत्गृह निर्माण थालिने जानकारी दिए ।

'पहुँचमार्ग निर्माणसँगै वित्तीय व्यवस्थापन, सिभिल र इलेक्ट्रोमेकानिकल ठेकेदार छनोटको कामलाई पनि समानान्तर हिसाबले अघि बढेको छ', उनले भने, 'सुरुङ निर्माणमा आवश्यक पर्ने विस्फोटक पदार्थ भण्डारण र सुरक्षाका लागि आयोजनास्थलमा नेपाली सेनाको पोष्ट राख्न आवश्यक पूर्वाधार निर्माण पनि सुरु गर्ने तयारी छ ।'

अर्चेको फेदीमा बाँध, गुर्जा र म्याग्दी नदीको दोभानमा विद्युत्गृह रहने आयोजनाको चार किलोमिटर सुरुङ रहनेछ । विद्युत् खरिद बिक्री सम्झौता भइसकेको आयोजनाले विद्युत् विकास विभागबाट जेनेरेशन अनुमतिपत्र पाइसकेको छ । बाँध र विद्युत्गृहको हेड ३३७ मिटर रहेको छ । यस आयोजनाको लागत प्रतिमेगावाट रु १६ करोड अनुमान गरिएको केसीले बताए ।

रन अफ द रिभर (नदी प्रवाह)मा आधारित यस आयोजनाबाट उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणले डाँडाखेतमा निर्माण गरेको १३२ केभिए क्षमताको सवस्टेशनमार्फत केन्द्रीय प्रणालीमा आबद्ध गराइनेछ । दोभानदेखि डाँडाखेतसम्म म्याग्दी र सहायक नदीमा निर्माणाधीन अन्य आयोजनासँग पनि साझेदारी गरेर आठ किलोमिटर लामो प्रशारण लाइन निर्माण गरिने भएको छ । धौलागिरि गाउँपालिका-४ को भूगोल भएर बग्ने नदीहरूमा मुदीखोलाबाहेक ५३ दशमलव पाँच मेगावाट क्षमतको अपर म्याग्दी-१, ४६ दशमलव २५ मेगावाटको अपर म्याग्दी जलविद्युत् आयोजना निर्माणाधीन छन् । पैंसठ्ठी मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनाले जेल्तुङदेखि दोभानमा रहने बाँध जोड्ने पहुँचमार्ग निर्माणको तयारी गरेको वडाध्यक्ष घर्तीले बताए ।

# बुढीगण्डकी निर्माण अघि बढाउन पहल

**गोरखा (प्रस)-** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बुढीगण्डकी जलविद्युत् आयोजना निर्माण प्रक्रिया अघि बढाउन पहल भइरहेको बताएका छन् ।

गोरखाको भीमसेन थापा गाउँपालिका-८ महादेवटारस्थित श्री जागेश्वर माध्यामिक विद्यालयको आयोजित स्वर्ण जयन्ती उद्घाटन कार्यक्रममा उनले विविध कारण यसअघि निर्माण रोकिएको आयोजनाको काम तत्काल अगाडि बढाउनुपर्नेमा जोड दिए ।

मुख्यमन्त्री पाण्डेले गोरखा र धादिङको सिमानामा बन्ने उक्त आयोजनाले जलविद्युत् क्षेत्रको विकासमात्र नभई प्रभावित क्षेत्रका जनताको आयआर्जनमा सहयोग पुऱ्याउने भएकाले यसको निरन्तरता आवश्यक रहेको बताए । उनले संघ सरकारलाई आयोजना शीघ्र सम्पन्न गर्न दबाब दिने उद्देश्यले गोरखा र धादिङमा पर्ने बुढीगण्डकी करिडोर क्षेत्रमा गण्डकी र बाग्मती प्रदेश सरकारको संयुक्त बैठकको तयारी भइरहेको जानकारी दिए । 'अब आयोजना क्षेत्रका स्थानीय सरकारका प्रतिनिधिलाई पनि राखेर दुवै प्रदेश सरकारको बैठक करिडोर क्षेत्रमा गर्ने गरी छलफल भइरहेको छ, आयोजना निर्माण जसरी भए पनि छिटो सम्पन्न गर्नुपर्छ', मुख्यमन्त्री पाण्डेले भने ।

आयोजना निर्माणको अन्योलता हटाउन पटकपटक पहल गर्दै आएको बताउँदै उनले त्यसलाई मूर्तरूप दिन नसकिएको स्पष्ट पारे ।

# खोटाङमा तीन हजार ४१० मेट्रिकटन सुन्तला उत्पादन

**खोटाङ-** यो वर्ष खोटाङमा तीन हजार ४१० मेट्रिकटन सुन्तला उत्पादन भएको छ । जिल्लाका अधिकांश कृषकले उत्पादन गरेका सुन्तला ठेकेदारले बगानबाटै खरिद गरिरहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।



जिल्लामा उत्पादित सुन्तला प्रतिकिलो सरदरमा रु १०० का दरले बिक्री गर्दा यो वर्ष रु ३४ करोड १० लाख आम्दानी हुने केन्द्रका अर्थविज्ञ दीपक चौहानले जानकारी दिए । 'यो वर्ष सबैभन्दा बढी जन्तेढुङ्गा र दिप्रुङ चुइचुम्मा गाउँपालिकामा सुन्तला उत्पादन भएको छ । जन्तेढुङ्गा गाउँपालिकाबाट रु चार करोड ५० लाखभन्दा बढीको सुन्तला बिक्री भएको छ', उनले भने, 'कृषक आफैंले बजार लगेर बिक्री गर्दा प्रतिकिलो रु १३० सम्म पर्छ । कृषकबाट खरिद गरिएका सुन्तला व्यापारीले प्रतिकिलो रु १५० मा बिक्री गर्छन् ।'

कृषि ज्ञान केन्द्रले दिएको जानकारीअनुसार जिल्लाका १० वटै स्थानीय तहमा गत वर्षको तुलानामा यसवर्ष १५ हेक्टर जमिनमा सुन्तला उत्पादन घटेको छ । गत वर्ष ९९५ टेक्टरमा सुन्तला उत्पादन भएकामा यस वर्ष विभिन्न रोगको सङ्क्रमणका कारण ९८० हेक्टर खेती गरिएको छ ।

व्यवसायिक सुन्तलाखेती गरिरहेका जन्तेढुङ्गा-६ दिप्लुङका जगत किरातीले यो वर्ष रु सात लाख आम्दानी गरेको जानकारी दिए । 'यातायातको सुविधाले यस वर्ष बगानबाटै सुन्तला बेचियो', उनले भने, 'सुन्तलाखेतीलाई विस्तार गरिरहेको छु । आगामी वर्ष अझ बढी आम्दानी हुने अनुमान छ ।'

फलफूल तथा तरकारीको व्यावसायिक खेती गरेका किरातीले २५० वटा बोटमा फलेका सुन्तला बेचेर मङ्सिरमा मात्रै रु सात लाख आम्दानी भएको जानकारी दिए । दिप्लुङका किराती मात्र नभई अन्य कृषकले सुन्तला बिक्रीबाट लाखौं आम्दानी गरेका गाउँपालिकाले जनाएको छ ।

जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने यो गाउँपालिकाको घोर्ले, सातमारा, केराबारी, सोभे, फगतपुर, पाथीभरा, भीरगाउँ, वाचीपाला, खुटा, कात्तिकेलगायत क्षेत्रका किसानले व्यावसायिक सुन्तलाखेती गर्दै आएका छन् । बुढापाकाले खानका लागि रोपेका सुन्तला यातायातको सुविधा आएसँगै आम्दानीको स्रोत बन्न थालेको कृषकहरूको भनाइ छ ।

जन्तेढुङ्गा-५ चिसापानीस्थित घोर्ले गाउँका कृषकले यसवर्ष रु एक करोड बढीको सुन्तला बिक्री गरेका गाउँपालिकाका अध्यक्ष अरुणादेवी राईले जानकारी दिइन् । 'घोर्लेमा ३१ परिवारको बसोबास छ । सबैका घरमा सुन्तलाको बगान छन् । सबै घरले हरेक वर्ष रु तीन लाख बढीको सुन्तला बिक्री गर्छन्,' उनले भनिन्, 'घोर्लेमा पुर्खाकै पालादेखि सुन्तला उत्पादन हुन्थ्यो । पहिले खानका लागि पुर्खाले रोपेका सुन्तला अहिले आम्दानीको स्रोत बनेको छ । यसलाई प्रवर्द्धन गर्न गाउँपालिकाको तर्फबाट सहयोग गर्दै आएका छौं ।'

दिप्रुङ चुइचुम्मा गाउँपालिका-१ याम्खाका कृषक रामबहादुर कुँवरले यो वर्ष सुन्तलाबाट कम्तीमा रु १२ लाख आम्दानी हुने अनुमान गरेका छन् । गत वर्ष रु नौ लाख आम्दानी भएकामा यो वर्ष उत्पादन बढेकाले आम्दानी बढ्ने उनले बताए ।

खोटेहाङ गाउँपालिकाका किसानले सुन्तला बिक्रीबाट बर्सेनि लाखौं आम्दानी गर्ने वडा नं ६ इन्द्रेणी पोखरीका युवा कृषक इन्द्र नारथुङेले बताए । गाउँपालिकामध्ये सबैभन्दा ठूलो (नौ वडा रहेको) यो पालिकामा गत वर्षको तुलनामा यसवर्ष सुन्तलाको उत्पादन घटेको कृषकहरूले बताएका छन् । कृषि ज्ञान केन्द्रले दिएको जानकारीअनुसार यसवर्ष रावाबेंसी गाउँपालिकामा सुन्तलाको उत्पादनमा कमी आएको छ । खोटाङमा सुन्तलाको राजधानी भनेर चिनिने रावाबेंसी-३ लामीडाँडामा रोग र सङ्क्रमणले क्षति पुऱ्याउँदा उत्पादन घटेको केन्द्रका अर्थविज्ञ चौहानले जानकारी दिए ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मीस्थित रुधालुङका कृषकले उत्पादन गरेका सुन्तलामा यसवर्ष बगानबाटै बिक्री भएका स्थानीय शुभचन्द्र राईले जानकारी दिए । खार्मीमा उत्पादित सुन्तला सालपा कृषि कम्पनी खोटाङले प्रतिकिलो रु ६० मा खरिद गरेको छ । *रासस*

# ललितपुरमा स्वदेशी बजार आयोजना

**ललितपुर (प्रस)-** नेपाल उद्योग परिसंघ (सिएनआई) र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहकार्यमा सञ्चालित मेक इन नेपाल-स्वदेशी अभियानले उद्योग विभागको सहयोग एवं समन्वयमा स्वदेशी बजार २०२५ आयोजना गरिएको छ ।

अन्तर्राष्ट्रिय क्लब, ललितपुरमा सञ्चालन भएको सो एकदिने प्रदर्शनीले 'नेपालमै बनेका उत्पादन-नेपालकै पहिचान' भन्ने अवधारणामा गुणस्तरीय नेपाली उत्पादनको प्रवर्द्धन, स्वदेशी उद्योग तथा उद्यमहरूको क्षमता अभिवृद्धि, र घरेलु उत्पादकहरूलाई बजार पहुँचमा सहयोग पुऱ्याउने उद्देश्य लिएको परिसंघका अध्यक्ष वीरेन्द्र राज पाण्डेले जानकारी दिए ।

साना, मझौला तथा घरेलु उद्योगहरूको प्रवर्द्धनका लागि निःशुल्क स्टल सुविधा र सर्वसाधारणका लागि निःशुल्क प्रवेशको व्यवस्था गरिएको उक्त प्रदर्शनीमा तीन हजार भन्दा बढीको सहभागिता हुने अनुमान गरिएको छ ।

प्रदर्शनीमा कृषि तथा एग्रो-प्रविधि, खाद्य तथा प्रशोधित उत्पादन, वस्त्र तथा पहिरन, हस्तकला तथा कला उद्योग, आयुर्वेदिक तथा स्वास्थ्य सेवा सम्बन्धी उत्पादन, सजावट सामग्री, चिया तथा पेय पदार्थ, र अन्य उत्पादन निर्माण सम्बन्धी उद्योगसहित करिब ४०-५० उद्योग तथा उद्यम सहभागी भएका छन् ।

▶▶ **साना, मझौला तथा घरेलु उद्योगहरूको प्रवर्द्धनका लागि निःशुल्क स्टल सुविधा र सर्वसाधारणका लागि निःशुल्क प्रवेशको व्यवस्था गरिएको उक्त प्रदर्शनीमा तीन हजार भन्दा बढीको सहभागिता हुने अनुमान गरिएको छ ।**

यसमार्फत सहभागी उद्योगहरूलाई आफ्ना उत्पादन तथा सेवाहरू सार्वजनिक रूपमा प्रदर्शन गर्ने, उपभोक्तासँग प्रत्यक्ष रूपमा संवाद एवं अन्तरक्रिया गर्ने, तथा सम्भावित खरिदकर्ता, वितरक, व्यावसायिक साझेदार र सरोकारवालाहरूसँग नेटवर्क विस्तारका कार्यक्रमहरू सञ्चालन गरिनेछ । अध्यक्ष पाण्डेले स्वदेशी बजार २०२५ ले नेपाली उद्योग, सीप, नवप्रवर्तन र उद्यमशीलताको पहिचानलाई राष्ट्रियस्तरमा उजागर गर्ने तथा स्वदेशी उत्पादनको उपभोग प्रवर्द्धनमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढीकरणमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ